सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

आदेश

०७८-WO-०३३७

विषयः- उत्प्रेषण परमादेश ।

जनहित संरक्षण मंचको तर्फबाट आफ्नो हकमा समेत ललितपुर जिल्ला, महालक्ष्मी न.पा वडा नं १ बस्ने संस्थाको कार्यक्रम संयोजक तथा काठमाडौं स्कुल अफ ल को संरक्षण कानूनको सहायक शिक्षक अधिवक्ता संजय अधिकारी ........................................१

डिफेन्डर्स अफ नेचरको तर्फबाट आफ्नो हकमा समेत काठमाडौं जिल्ला चन्द्रगिरी न.पा. वडा नं. १२ बस्ने संस्थाको कोषाध्यक्ष बाबुराम प्रसाद यादव....................................१

काठमाडौं जिल्ला का.म.न.पा. ताहचाल बस्ने प्रकृति तथा वन्यजन्तु संरक्षण अभियन्ता सृष्टि सिंह भण्डारी ..............................................................................................१

ल.पु.जि, ल.पु.मा.पा. बखुण्डोल वडा नं १ वस्ने अधिवक्ता रूपा बस्नेत......................१ निवेदक

जनहित संरक्षण मंचमा कार्यरत रामग्राम न.पा वडा नं ३ बस्ने श्रद्दा सुमन आचार्य ..........१

काठमाडौं स्कुल अफ ल मा अध्यनरत भक्तपुर जिल्ला सुर्यविनायक न.पा. वडा नं. ५ बस्ने शैलेश खिउँजु ..........................................................................................१

काठमाडौं स्कुल अफ ल मा अध्यनरत सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं १३ बस्ने सुरक्षा बराल .......................................................................................१

काठमाडौं स्कुल अफ ल मा अध्यनरत सिन्धुपाल्चोक जिल्ला ईन्द्रावती गा.पा. वडा नं ७ बस्ने रचना दंगाल ........................................................................................१

काठमाडौं स्कुल अफ ल मा अध्यनरत बझाङ जिल्ला जयपृथ्वी न.पा. वडा नं ७ बस्ने कुम्भ राज जैशी .........................................................................................१

सिन्धुली जिल्ला तिनपाटन गा.पा. वडा नं ८ बस्ने सुजन अधिकारी ............................१

जनहित संरक्षण मंचमा कार्यरत दाङ्ग जिल्ला गढवा गा.पा. वडा नं. ७ मानपुर बस्ने अर्णव चौधरी ..........................................................................................................१

विरुद्ध

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण विभाग, बबहरमहल, काठमाडौं.............................१

प्रधानमन्त्री तथा मन्त्रि परिषदको कार्यालय, नेपाल सरकार, सिंहदरवार, काठमाडौ .........१

वन तथा वातावरण मन्त्रालय, सिंहदरवार.. ....................................................................१

प्रहरी प्रधान कार्यलय, नक्साल, काठमाडौं.........................................................................१

शसस्त्र प्रहरी बल प्रधान कार्यलय, हलचोक, काठमाडौं.......................................................१ विपक्षी

चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन...........................................................१

बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वार, बर्दिया..........................................................१

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय, मझगाँउ, कञ्चनपुर...................................................१

पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय, आधारभार, बारा..............................................................१

कोशिटप्पु वन्यजन्तु आरक्ष कार्यलय, पश्चिम कुशाहा, सुनसरी...........................................१

महान्यायधिवक्ताको कार्यलय, रामशाहपथ, काठमाडौं ....................................................१

राष्ट्रिय प्रकृति संरक्षण कोष, गोदावरी.............................................................................१

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था, सौराहा, चितवन................................................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् यस अदालतको आदेश यसप्रकार रहेको छः-

## तथ्य खण्ड

१. पृथ्वी हरेक जैविक प्रजातिहरूको साझा घर हो। मानिस, अन्य प्राणी एवं वनस्पतिहरू बीच आदिकालदेखिको सन्तुलन र अन्योन्याश्रित सम्बन्धबाट नै मानवीय अस्तित्व कायम रहिरहेको छ। तर बढ्दो उपभोक्तावाद, भौतिकवाद तथा अवैध व्यापारका कारण दुर्लभ वन्यजन्तु तथा वनस्पति प्रजातिहरू संकटमा पर्दै गएका छन् जसले मानवीय अस्तित्व समेत संकटमा पर्न सक्ने जोखिम बढाएको छ। जैविक विविधताको संरक्षण केवल राष्ट्रिय सरोकारको विषय नभई विश्वव्यापी चासोको विषय बनेको छ। यही आवश्यकतालाई दृष्टिगत गरी अन्तर्राष्ट्रिय

समुदायले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण गर्न CITES (Convention on International Trade in Endangered Species of Wild Fauna and Flora) महासन्धिको व्यवस्था गरेको हो। उक्त महासन्धिअनुसार पक्ष राष्ट्रहरूले दुर्लभ तथा सङ्कटापन्न प्रजातिहरूलाई प्राकृतिक अवस्थामा संरक्षण गर्ने, तिनको अवैध व्यापार नियन्त्रण गर्ने, आवश्यक कानूनी तथा संस्थागत संयन्त्र निर्माण गर्ने तथा प्रतिबन्धित प्रजातिको गैरकानूनी व्यापार, स्वामित्व वा ओसारपसार भएमा जफत तथा कारबाही गर्ने दायित्व वहन गर्नुपर्छ। महासन्धिको मूल उद्देश्य अनुसूची १, २ र ३ मा समावेश गरिएका वन्यजन्तु तथा वनस्पतिका प्रजाति, तिनका अङ्ग वा आखेटोपहारको अनियन्त्रित अन्तर्राष्ट्रिय व्यापारलाई निषेध वा नियन्त्रण गरी तिनको दीर्घकालीन संरक्षण सुनिश्चित गर्नु हो। नेपालले १९७५ जुन १८ (२०३२ अषाढ ४) मा सङ्कटापन्न वन्यजन्तु र वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धी (साइटिस) मा हस्ताक्षर गरी पक्ष राष्ट्र भई दुर्लभ वन्यजन्तु र वनस्पतिको संरक्षणार्थ यस महासन्धीले दिएको अन्तराष्ट्रिय र राष्ट्रिय दायित्व पुरा गर्ने प्रतिवद्धता जनाएको थियो। सो अनुरुप सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि (CITES) को कार्यान्वयन गर्ने उद्देश्यले नेपालले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र नियमावली, २०७६ जारी गरी सङ्कटापन्न वन्यजन्तुहरूको संरक्षण, दर्ता, ओसारपसार तथा व्यापार नियन्त्रणसम्बन्धी स्पष्ट व्यवस्थाहरु गरेको छ। एशियाली हात्ती (*Elephas maximus*) महासन्धिअन्तर्गत संरक्षित तथा सङ्कटापन्न वन्यजन्तु भएकाले यसको संरक्षण गर्नु नेपाल सरकार तथा सम्बन्धित निकायहरूको कानूनी तथा अन्तर्राष्ट्रिय दायित्वको रुपमा रहेको छ।

२. विभिन्न मुलुकहरु श्रीलंका, थाइल्याण्ड आदिमा तालिमप्राप्त माहुतेहरुको व्यवस्था गरी जनावरमैत्री व्यवहार तथा बिरामी र वृद्ध अवस्था हुँदा उपचारको लागि उचित प्रवन्धको व्यवस्था गरिएतापनि नेपालमा घरपालुवा हात्तीहरूको संरक्षण तथा व्यवस्थापनका नाममा उनीहरूमाथि परम्परागत रूपमा अमानवीय तथा क्रूरतापूर्ण व्यवहार हुँदै आएको छ। हात्तीहरूलाई लामो समयसम्म फलामे चेनले बाँधेर राख्ने, नियन्त्रणका नाममा पिट्ने, अङ्कुशजस्ता धारिलो उपकरणले शरीरमा घोच्ने, प्राकृतिक बासस्थान तथा सामाजिक व्यवहारबाट वञ्चित गर्ने, बिरामी र वृद्ध अवस्थाका हात्तीहरूलाई अमानवीय व्यवहार गर्ने लगायतका कार्यहरू

पशुकल्याण तथा आधुनिक वैज्ञानिक व्यवस्थापनका मान्यताविपरीत छन्। यस्ता व्यवहारले हात्तीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यमा प्रतिकूल असर पार्नुका साथै सम्मानपूर्वक र प्राकृतिक ढङ्गले बाँच्न पाउने उनीहरूको आधारभूत अस्तित्वमाथि नै आघात पुग्ने भएकाले राज्य तथा सम्बन्धित निकायहरूले हात्तीमैत्री व्यवस्थापन प्रणाली अवलम्बन गरी चेनमुक्त, प्राकृतिक तथा कल्याणमुखी जीवनयापनको व्यवस्था सुनिश्चित गर्नु जरुरी रहेको देखिन्छ।

३. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ को नियम १२ अनुसार नियमावली प्रारम्भ भएको एक वर्षभित्र निजी स्वामित्वमा रहेका सङ्कटापन्न वन्यजन्तु दर्ता गराउनुपर्ने कानूनी व्यवस्था भए पनि घरपालुवा हात्तीधनीहरूले उक्त दायित्व पूरा गरेका छैनन्। नियम १५ अनुसार त्यस्ता दर्ता नगरिएका वन्यजन्तु जफत गर्नुपर्ने कानूनी व्यवस्था हुँदाहुँदै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा सम्बन्धित निकायहरूले आवश्यक कारबाही नगरेका कारण हात्तीहरूको अवैध खरिद-बिक्री, ओसारपसार तथा भारततर्फ तस्करी भइरहेको छ। सौराहा लगायतका क्षेत्रहरू जीवित हात्तीको अवैध व्यापारका केन्द्रका रूपमा रहेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनहरूबाट समेत देखिएको छ। निवेदक संस्था जनहित संरक्षण मञ्च (प्रो पब्लिक) ले हात्तीहरूको अवस्था, दर्ता, संरक्षण तथा तस्करी नियन्त्रण सम्बन्धमा पटक-पटक सम्बन्धित निकायहरूसँग सूचना माग, वकालत तथा पत्राचार गरेको भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको, हात्ती बिक्री तथा सीमापार तस्करीका घटनाहरू निरन्तर भइरहेका तथा हात्ती किन्ने नाममा गैरकानूनी रुपमा स्रोत नखुलेको नगद प्रयोग गरी सम्पत्ति शुद्धीकरणसमेत भइरहेको अवस्था छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा ३ ले गैरकानूनी रूपमा हात्तीको खरिद-बिक्री, हस्तान्तरण तथा व्यापारलाई निषेध गरेको भए पनि विपक्षी निकायहरूको निष्क्रियताले उक्त कानूनी व्यवस्था प्रभावहीन बनेको छ। जैविक विविधता, वन्यजन्तु संरक्षण, वातावरणीय न्याय तथा अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन सम्बन्धमा सर्वोच्च अदालतबाट विभिन्न नजीर तथा सिद्धान्तहरू प्रतिपादित भएतापनि विपक्षीहरूको अकर्मण्यताले नेपालको संविधानको धारा ३० द्वारा प्रत्याभूत स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हक, जैविक विविधता

संरक्षणसम्बन्धी राज्यका संवैधानिक दायित्वहरू तथा अन्तरपुस्ता समन्यायको सिद्धान्तमा प्रतिकूल असर परेको छ।

४. निवेदकहरु जनहित संरक्षण, जैविक विविधता संरक्षण तथा कानूनी शासनको प्रवर्द्धनमा क्रियाशील व्यक्ति तथा संस्था भएको र प्रस्तुत विषय सार्वजनिक सरोकारको भएकाले रिट निवेदन दायर गर्ने हकदैया आफूहरूमा रहेको छ। जनहित संरक्षण मञ्च (प्रो पब्लिक) ले हात्तीहरूको संरक्षण, दर्ता, तस्करी नियन्त्रण तथा सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयनका लागि निरन्तर रूपमा सरोकारवाला निकायहरूसँग पहल, वकालत तथा पत्राचार गर्दै आएको देखिन्छ। मञ्चले मिति २०७७/१०/२७ मा Ref. No. 86-077/078-PIL मार्फत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग हात्ती सम्बन्धी विवरण तथा सूचना माग गरेको, समयमै सूचना प्राप्त नभएपछि मिति २०७७/११/१८ मा पुनः पत्र बुझाएको र त्यसपछि मात्र विभागबाट मिति २०७७/१२/०२ मा सूचना उपलब्ध गराइएको थियो। त्यसपछि मञ्चले मिति २०७७/१२/०४ मा Ref. No. 93-077/078-PIL मार्फत दर्ता नभएका हात्ती जफत गर्न तथा अवैध व्यापारमा संलग्नलाई कारवाही गर्न माग गरेको थियो भने मिति २०७७/१२/२३ को Ref. No. 100-2077/78 मार्फत उक्त विषयमा भएको प्रगतिबारे पुनः सूचना माग गरेको थियो। त्यसक्रममा विभागबाट चलानी नं. १७६० मिति २०७७/१२/०५ को पत्रमार्फत मातहतका कार्यालयहरूलाई हात्तीहरूको यथास्थिति विवरण संकलन तथा कानूनी कार्यान्वयनका लागि निर्देशन दिइएको जानकारी प्राप्त भएको थियो। साथै मिति २०७७/१२/०५ मा हात्ती भारततर्फ अवैध रूपमा लैजान लागिएको सूचना प्राप्त भएपछि मञ्चले Ref. No. 94-077/78 मार्फत तत्काल ध्यानाकर्षण गराएको थियो। त्यसैगरी मञ्चले Ref. No. 74/077-78 मिति १७ मार्च २०२१ मा भारतका सम्बन्धित सरकारी निकायहरूलाई समेत सीमापार हात्ती तस्करी नियन्त्रणका लागि पत्राचार गरेको, मिति २०७८/०४/११ मा Ref. No. 04-078/79 मार्फत सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयनका लागि विभागका महानिर्देशकलाई वकालत पत्र पठाएको तथा काजरकली नामक हात्ती बिक्री भएको सूचना प्राप्त भएपछि Ref. No. 05-078/079-PIL मार्फत पुनः कारवाहीको माग गरेको थियो। यसरी निवेदक संस्थाले निरन्तर रूपमा सम्बन्धित निकायहरूलाई सचेत गराउने, सूचना माग गर्ने,

वकालत गर्ने तथा कानूनी कार्यान्वयनका लागि दबाब सिर्जना गर्ने भूमिका निर्वाह गरेको भए पनि विपक्षी निकायहरूले प्रभावकारी कदम नचालेकाले प्रस्तुत रिट निवेदन दायर गरिएको हो।

५. तसर्थ, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ को नियम १२ बमोजिम दर्ता नगरिएका घरपालुवा हात्तीहरू नियमावलीको नियम १५ बमोजिम जफत गर्नु गराउनु, गैरकानूनी हात्ती व्यापार, हस्तान्तरण तथा तस्करीमा संलग्न व्यक्तिहरु तथा जिम्मेवार कर्मचारीहरुको अकर्मण्यताकै कारण सो अवस्था सृजित भएकाले निजहरु उपर मुद्दा दर्ता गर्नु गराउनु, घरपालुवा हात्तीहरूलाई चेनमा बाँध्ने, पिट्ने, अङ्कुशले घोच्ने जस्ता क्रूर व्यवहार रोक्दै वैज्ञानिक तथा पशुकल्याणमैत्री व्यवस्थापन सुनिश्चित गर्नु, चेन फ्री अवस्थामा रहने बस्ने व्यवस्था गर्नु गराउनु, माहुतेहरुलाई हात्तीमैत्री तालिम अनिवार्य दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा उपयुक्त आदेश, निर्देशन तथा परमादेश जारी गरिपाऊँ भन्ने व्यहोराको **अधिवक्ता संजय अधिकारी समेतको तर्फबाट दायर भएको रिट निवेदन।**

६. यसमा, के कसो भएको हो ? निवेदनको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र विपक्षी नं. १, २, ३, ४, ५, ६, ७, ८, ९, १० र ११ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र विपक्षी नं. १२ र १३ को हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नू भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना पठाई सोको वोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघे पछि नियमानुसार पेश गर्नू।

यसमा विश्वमा नै सङ्कटापन्न अवस्थाको झनै दुर्लभ हुँदै गएको वन्यजन्तु हात्तीको अन्तरदेशीय तस्करी नेपालमा बढेको हुँदा सो रोकन तत्काल अन्तरिम आदेश माग गरेको पाइयो। यस विषयमा नेपालले कानूनी प्रतिबद्धताको प्रश्नमा कुनै कञ्जुस्याँई नदेखाई "सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धी- १९७३" को पक्ष राष्ट्र बनी यो महासन्धी कार्यान्वयनको लक्ष्यलाई प्रस्तावनामा नै उल्लेख गरी "सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३" जारी मिति २०७४/१/१० बाट लागू भएको देखियो। यो ऐनको दफा ३७ ले दिएको अधिकार प्रयोग गरी "सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय

व्यापार नियन्त्रण नियमावली, २०७६ समेत मिति २०७६/८/३० बाट लागू भइसकेको देखियो। ऐनको दफा २'घ' "दुर्लभ वन्यजन्तु वा वनस्पति भन्नाले महासन्धीको अनुसूची- १ मा उल्लिखित वन्यजन्तु वनस्पतिको कुनै प्रजाति वा उपजाती सम्झनु पर्छ" भनेको र महासन्धीको अनुसूची-१ मा हात्तीलाई समावेश गरिएका कारण हात्ती "दुर्लभ वन्यजन्तु" सँगै ऐनको दफा २ (ठ) को परिभाषाले "सङ्कटापन्न वन्यजन्तु" मा समेत समावेश भएको पाइयो। ऐनको दफा ४, ५ र ६ ले ऐन बमोजिम गठित वैज्ञानिक निकाय र व्यवस्थापन निकायबाट सिफारिस भई आएको अवस्थामा बाहेक दुर्लभ वन्यजन्तु ओसारपसार गर्न वा निकासी वा पैठारी गर्न वा गराउन प्रतिबन्ध लगाएको पाइयो। यसको अलावा यो ऐन प्रारम्भ हुनुभन्दा धेरै अगाडिदेखि क्रियाशिल राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ ले गैरकानूनी तरिकाले हात्ती लगायतको सो दफामा उल्लिखित अन्य वन्यजन्तु खरीद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिनेदिने कार्यलाई कडा दण्डनीय अपराध घोषित गरेको पाइयो।

त्यसै गरी सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ को नियम १२ ले कुनै व्यक्ति, संस्था वा निकायले कुनै जीवित सङ्कटापन्न वन्यजन्तु आफूसँग राख्ने वा राखेको भएमा यो नियमावली प्रारम्भ भएको एक वर्षभित्र सङ्कटापन्न वन्यजन्तु दर्ताका लागि सोही नियमावलीको अनुसूची - १३ मा तोकिएको ढाँचामा निवेदन दिनुपर्ने र वैज्ञानिक निकाय र व्यवस्थापन निकायले छानविन गरी अनुमति दिएमा राख्न सकिने व्यवस्था गरेको पाइयो। नियमावली लागू भएको मिति २०७६/८/३० को एक वर्षभित्र दर्ता नगरिएमा नियम १५ (१) (क) बमोजिम त्यस्ता सङ्कटापन्न वन्यजन्तु जफत हुनेछ भन्ने नियमावलीको वाध्यात्मक व्यवस्थाहरुको समेत पालना नगरिएको कारणबाट पनि हात्तीको सीमा पारी तस्करी हुने गरेको विषयसमेत रिट निवेदनमा उठाइएको सन्दर्भमा हजारौं वर्षदेखि पृथ्वीमा रहेको बहमूल्य वन्यजन्तु हात्तीको संरक्षण हुन नसकेमा विश्व सम्पदासँगै नेपालको प्राकृतिक सम्पदामा पुग्न सक्ने अपुरणीय क्षतिलाई तत्काल रोक्न निम्न बमोजिम गर्नु गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (क) बमोजिम यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्मको लागि अन्तरिम आदेश जारी गरिदिएको छ। यसको जानकारी प्रत्यर्थीहरुलाई अविलम्ब दिनू।

१) सङ्कटापन्न वन्यजन्तु हात्तीको अन्तरदेशीय तस्करी, बिक्री, हस्तान्तरण लगायतका कार्य तत्काल रोक्नु र सोको लागि प्रभावकारी रुपमा सुरक्षा प्रबन्ध लगायत जे जो गर्नुपर्ने सो गर्नु गराउनु।

२) यो आदेश जारी भएको मितिले १ महिनाभित्र दर्ता अभिलेखीकरण नभएका हात्तीको सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तदेशीय व्यापार नियन्त्रण नियमावली, २०७६ को नियम १२ बमोजिम अभिलेखीकरण दर्ता गर्नु गराउनु र सो हुन नसकेका व्यक्ति, संस्था वा निकायसँग रहेका हात्ती सोही नियमावलीको नियम १५ बमोजिम जफत गरी सम्बन्धित निकायको नियन्त्रण र संरक्षणमा राख्नु।

३) यो आदेश बमोजिम हात्ती तस्करी, बिक्री हस्तान्तरण रोक्न र हात्ती अभिलेखीकरण सम्बन्धमा भए गरेका कामको प्रगति विवरण एक महिनाभित्र प्रत्यर्थीहरुबाट झिकाई यसै मिसिल संलग्न गरी राख्नु भन्ने व्यहोराको **यस अदालतको मिति २०७८।५।३० को आदेश।**

७. सङ्कटापन्न बन्यजन्तु हात्तीको अभिलेख राख्ने, अभिलेखीकरण दर्ता गर्ने गराउने लगायतका कार्य गर्ने क्षेत्राधिकार यस प्रहरी प्रधान कार्यालयलाई नभएको, सोको अभिलेख राख्ने लगायतको कार्य वन तथा बाताबरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष लगायतको क्षेत्राधिकार भित्र पर्दछ भने निकुञ्जको सुरक्षा प्रबन्ध नेपाल आर्मीबाट भैरहेको छ। साथै, उल्लेखित चोरी तस्करीका सम्बन्धमा परेका निवेदन उपर प्रभावकारी रुपमा अनुसन्धानका कार्यहरु नेपाल प्रहरीका विभिन्न युनिटहरुबाट भैरहेको छ। सङ्कटापन्न बन्यजन्तु हात्तीको अन्तरदेशीय तस्करी, बिक्री, हस्तान्तरण कार्य तत्काल रोक्न र सोको लागि प्रभावकारी रुपमा सुरक्षा प्रबन्ध मिलाउने सन्दर्भमा प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट मिति २०७८।०६।१४ गतेको पत्र मार्फत सबै प्रहरी युनिटहरुमा परिपत्र गरिएको तथा सङ्कटापन्न वन्यजन्तु हात्ती लगायतका आरक्षित वन्यजन्तुको तस्करीसँग सम्बन्धित मुद्दाहरुको दर्ता र अनुसन्धानमा प्रहरीले आफ्नो भूमिका जिम्मेवारीपूर्वक संवेदनशीलताका साथ निर्वाह गर्दै आइरहेको हुँदा प्रहरी प्रधान कार्यालय, नक्सालको हकमा प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको **प्रहरी प्रधान कार्यालय, नक्सालको तर्फबाट पेश भएको लिखित जवाफ।**

८. यस विभागले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३, वन ऐन, २०७६ तथा प्रचलित अन्य कानूनहरूको प्रभावकारी कार्यान्वयन गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुको संरक्षण, संवर्द्धन, विकास तथा उचित व्यवस्थापन गर्ने दायित्व निर्वाह गर्दै आएको छ। निवेदकले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ को परिच्छेद-३ अन्तर्गत रहेको दर्ता, नामसारी तथा स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था कार्यान्वयन नभएको भनी गरेको दाबी सन्दर्भमा उक्त नियमावली मिति २०७६/०८/३० मा जारी भएको केही समयमै कोभिड-१९ को विश्वव्यापी महामारीका कारण नेपालसमेत प्रभावित भएको र त्यसको असर वन्यजन्तु संरक्षण क्षेत्रमा समेत परेको थियो। नियमावलीको नियम १२(१) मा रहेको दर्ता सम्बन्धी व्यवस्थाको कार्यान्वयनलाई व्यावहारिक बनाउन "नियमावली प्रारम्भ भएको मितिले" भन्ने शब्दावलीको सट्टा "राजपत्रमा सूचना प्रकाशित भएको मितिले" भन्ने शब्द राख्ने गरी संशोधन प्रस्ताव वन तथा वातावरण मन्त्रालयमार्फत पठाइएको र संशोधन स्वीकृत भएपछि सोहीअनुसार कार्यान्वयन गरिने गरी प्रक्रिया अगाडि बढाइएको छ। निजी हात्तीहरूको अवैध खरिद-बिक्री तथा तस्करी नियन्त्रणका लागि विभागले मिति २०७७/१२/०५, २०७८/०५/२७, २०७८/०६/०४ र २०७८/०६/११ लगायतका विभिन्न मितिमा चितवन, बर्दिया, बाँके, शुक्लाफाँटा, पर्सा राष्ट्रिय निकुञ्ज तथा कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयहरूलाई निजी हात्तीहरूको विवरण अद्यावधिक गर्ने, कानूनी अवस्था परीक्षण गर्ने, अभिलेख संकलन गर्ने, अन्तरदेशीय तस्करी तथा हस्तान्तरण सम्बन्धी अनुगमन गर्ने तथा सर्वोच्च अदालतबाट जारी अन्तरिम आदेश कार्यान्वयन सम्बन्धी निर्देशन दिने गरी पत्राचार गरेको र सोअनुसार कार्यान्वयन भइरहेको छ। साथै विभागले हात्तीहरूको व्यवस्थापन हात्तीमैत्री तालिम प्राप्त माहुतेहरूबाट गराइने, उनीहरूमाथि क्रूर वा यातनापूर्ण व्यवहार नगर्ने तथा वृद्ध एवं बिरामी हात्तीहरूको व्यवस्थापन वन्यजन्तु अस्पताल र विज्ञहरूको सुझावअनुसार गराउन व्यवस्थापन गर्दै आएको छ। हात्तीलाई चेनमुक्त (chain free) बनाउने प्रयासहरू भइरहेका भए तापनि जङ्गली र पालुवा हात्तीबीच हुन सक्ने द्वन्द्व, कर्मचारीको सुरक्षा तथा व्यवस्थापनसम्बन्धी व्यावहारिक चुनौतीहरूका कारण तत्काल पूर्ण रूपमा चेनमुक्त प्रणाली लागू गर्न सम्भव हुने अवस्था छैन। अतः विभागले आफ्नो कानूनी दायित्वअनुसार कार्य

गरिरहेकाले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराको तर्फबाट पेश भएको एकै मिलान व्यहोराको छुट्टाछुट्टै लिखित जवाफ।**

९. विपक्षी निवेदकले रिट निवेदनमा मन्त्रालयले गर्नुपर्ने कुन कानूनी दायित्व पूरा नगरेको हो भनी खुलाउन सक्नु भएको छैन। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३, वन ऐन, २०७६ लगायत मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित कानूनहरूको कार्यान्वयन तथा नीतिगत व्यवस्थापनमा मन्त्रालय सदैव जिम्मेवार, सचेत तथा प्रतिबद्ध रहेको छ। निवेदकले उठाएको सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ अन्तर्गतको दर्ता, नामसारी तथा स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्थाको कार्यान्वयन सन्दर्भमा उक्त नियमावली मिति २०७६/०८/३० मा जारी भएलगत्तै कोभिड-१९ को विश्वव्यापी महामारीका कारण देशव्यापी रूपमा विभिन्न प्रशासनिक तथा व्यवस्थापकीय कठिनाइ उत्पन्न भएको र वन्यजन्तु संरक्षण क्षेत्र पनि त्यसबाट प्रभावित भएकोमा नियमावलीको नियम १२(१) बमोजिम सङ्कटापन्न वन्यजन्तु दर्ता गर्न तोकिएको समयावधि कार्यान्वयन गर्न व्यवहारिक कठिनाइ भएको भनी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट प्राप्त प्रस्तावका आधारमा "यो नियमावली प्रारम्भ भएको मितिले" भन्ने शब्दावलीको सट्टा "नेपाल राजपत्रमा सूचना प्रकाशित भएको मितिले" भन्ने शब्दावली राख्ने गरी सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) नियमावली, २०७८ जारी गर्न मन्त्रालयबाट आवश्यक प्रक्रिया अगाडि बढाइसकिएको छ। तसर्थ प्रस्तावित संशोधन स्वीकृत भई कार्यान्वयनमा आएपछि निवेदकले उठाएका मागहरु सम्बोधन हुने नै हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको **वन तथा वातावरण मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ।**

१०. राष्ट्रिय प्रकृति संरक्षण कोषले मुख्यतया प्रकृतिको संरक्षण, जैविक विविधताको संरक्षण, वन्यजन्तुको संरक्षण लगायतका प्रकृति तथा जैविक विविधताको संरक्षण सम्बन्धी कार्य गर्दै छ। यस निकायको के कुन कार्य वा अकर्मण्डयताले हात्ती संरक्षण र सम्वर्धनमा असर पुगेको भनी निवेदकले

खुलाउन समेत नसकेकाले रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको **राष्ट्रिय प्रकृति संरक्षण कोषको तर्फबाट पेश भएको लिखित जवाफ।**

११. यस कार्यालयको कुनै काम, कारबाही वा निर्णयबाट निवेदनमा उल्लिखित अवस्था सिर्जना भएको हो भनी रिट निवेदकले निवेदनमा खुलाउन सकेका छैनन। संविधान तथा मौजुदा कानूनमा उल्लिखित जैविक विविधताको संरक्षण, संवर्धन र सो को दिगो उपयोगका लागि यस कार्यालय प्रतिबद्ध रहेको छ। वन्यजन्तु संरक्षणका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ जारी भई संरक्षित क्षेत्र घोषणा, वन्यजन्तु संरक्षण तथा गैरकानूनी शिकार, खरिद-बिक्री, ओसारपसार र हस्तान्तरण नियन्त्रणका लागि आवश्यक कानूनी व्यवस्था गरिएको तथा उक्त ऐनको दफा २६ मा हात्ती लगायत संरक्षित वन्यजन्तुसँग सम्बन्धित कसूरका लागि कडा सजायको व्यवस्था रहेको हुँदा त्यस्ता कार्यमा संलग्न व्यक्तिलाई प्रचलित कानूनबमोजिम कारबाही हुने अवस्था विद्यमान रहेको छ। रिट निवेदकले साईटिस महासन्धिको प्रभावकारी कार्यान्वयन नभएको दाबी गरेतापनि महासन्धिको कार्यान्वयनका लागि नै सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र नियमावली, २०७६ जारी गरिएको छ। यसले समग्रमा दुर्लभ तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको कारोबार, व्यापार तथा तिनको अस्तित्वमा खतरा पुर्‍याउने कार्यलाई निषेध गरी कसूर तथा सजायसम्बन्धी व्यवस्था गरेको हुँदा नेपालले आफ्नो अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गरिरहेको छ। निजी स्तरमा रहेका हात्तीहरूको संरक्षण, दर्ता तथा अभिलेखीकरण सम्बन्धी विषय वन तथा वातावरण मन्त्रालय अन्तर्गतका सम्बन्धित निकायहरूको कार्यक्षेत्रभित्र पर्ने र त्यसका लागि आवश्यक कानूनी तथा प्रशासनिक व्यवस्था भइसकेको छ। अतः सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको संरक्षणका लागि प्रचलित कानूनबमोजिम आवश्यक कार्य भइरहेको, कसैले गैरकानूनी कार्य गरेमा सम्बन्धित विशेष कानूनअनुसार कारबाही हुने व्यवस्था विद्यमान रहेको तथा निवेदकको दाबी तथ्य र कानून दुवै दृष्टिले आधारहीन भएकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पेश भएको लिखित जवाफ।**

१२. सशस्त्र प्रहरी बलले अन्तर्राष्ट्रिय सीमा इलाकामा हुने वन्यजन्तुका आखेटोपहार तथा हात्ती लगायत सङ्कटापन्न बन्यजन्तुको अन्तरदेशीय तस्करी, बिक्रि, हस्तान्तरण लगायत कानून विपरितका

कार्यहरुलाई रोक्न यस संगठनको तर्फबाट कार्यक्षेत्रमा खटिने कर्मचारीलाई तालिम, कार्यशाला, गोष्ठीहरुमा सहभागी गराई क्षमता अभिवृद्धि गर्दै सरोकारवाला निकायहरुसँग समन्वय गरी प्रभावकारी ढंगबाट कार्यसम्पादन गरिरहेको छ। सीमा क्षेत्रमा हुने यस किसिमका अवैध क्रियाकलापहरु नियन्त्रण गर्न सशस्त्र प्रहरी बलले आफ्नो म्याण्डेट र नेपाल सरकारबाट प्राप्त निर्देशन बमोजिम कार्य गरिरहेको भएतापनि विपक्षी रिट निवेदकले भए गरेका काम कारबाहीलाई नभए नगरेको र नभए नगरेको काम कारबाहीलाई भए गरेको भनी सम्मानित अदालतलाई नै भ्रममा पार्ने मनसायले रिट निवेदन पेश गरेको देखिँदा खारेज गरी पाउँ भन्ने व्यहोराको **सशस्त्र प्रहरी वलको तर्फबाट पेश भएको लिखित जवाफ।**

१३. कानून बमोजिम कसूरका सम्बन्धमा उजुरी दर्ता भएमा अधिकार प्राप्त अधिकारीले अनुसन्धान गर्ने र अनुसन्धान अधिकृतले संकलन गरेको प्रमाणको मूल्याङ्कनको रोहमा सरकारी वकीलले थप प्रमाण आवश्यक परेमा आवश्यक निर्देशन दिई अनुसन्धान पूरा भए मुद्दा चलाउने वा नचलाउने निर्णय गर्न सक्ने देखिन्छ। रिट निवेदकले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को के कुन दफामा परिभाषित कसूरको अनुसन्धान गरे उपर कसलाई मुद्दा चलाउनुपर्ने हो, कसले सङ्कटापन्न जनावरको खरिद बिक्री तथा तस्करी गरेका हुन् भन्ने सम्बन्धमा यो यस प्रकृतिको काम वा कसूर यो व्यक्तिले गरेको भनि यकिन नगरी परमादेश लगायतको रिट जारी गरी पाउन माग गरेको र निवेदन जिकिरमा उठाइएको विषयवस्तु यस कार्यालयले कार्यान्वयन गर्नुपर्ने प्रकृतिको नभई सम्बन्धित निकायले कार्यान्वयन गर्नुपर्ने प्रकृतिका भएकाले यस कार्यालयको हकमा रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको **महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट पेश भएको लिखित जवाफ।**

१४. युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था लि. मिति २०६३/०४/२६ मा विधिवत् दर्ता भई सञ्चालनमा रहेको संस्था हो। संस्था आफैंले हात्ती पालन-पोषण गर्ने नभई विभिन्न व्यक्तिका स्वामित्वमा रहेका हात्तीलाई पर्यटन व्यवसायमा व्यवस्थित रूपमा प्रयोग गरी सम्बन्धित धनीलाई आयआर्जनमा सहयोग गर्ने कार्य मात्र गर्दै आएको छ। रिट निवेदकले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतीको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ अनुसार हात्ती दर्ता नगरिएको भन्दै जफत गर्न माग गरेको सम्बन्धमा, ऐन र नियमावलीले सङ्कटापन्न वन्यजन्तु दर्ता गर्ने व्यवस्था गरेको भए पनि कोभिड-१९ महामारीका कारण अभिलेखीकरण

प्रक्रिया प्रभावित भएको र हाल आएर सर्वोच्च अदालतको अन्तरिम आदेशअनुसार हात्ती दर्ता तथा अभिलेखीकरणको प्रक्रिया अघि बढिसकेको छ। चितवन राष्ट्रिय निकुञ्ज कार्यालय र रत्ननगर नगरपालिकाबाट प्राप्त अभिलेखअनुसार यस संस्थासँग आबद्ध ३१ वटा हात्तीको विवरण सरकारी निकायमा उपलब्ध रहेको छ। हात्तीधनीहरूको कानुन उल्लङ्घन गर्ने मनसाय छैन। हात्तीको खरिद-बिक्री वा हक हस्तान्तरण सम्बन्धमा, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतीको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ ले सम्बन्धित निकायको अनुमति लिएर हक हस्तान्तरण वा नामसारी गर्न सकिने व्यवस्था गरेको हुँदा पूर्ण प्रतिबन्ध रहेको भन्ने निवेदकको दाबी कानुनसम्मत रहेको छैन। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले पनि गैरकानुनी ओसारपसार वा कारोबारलाई मात्र दण्डनीय मानेको छ। निवेदकले दावी गरेजस्तो हात्तीमाथि क्रूरता, यातना, चेनले बाँध्ने, पिट्ने, अंकुशले घोच्ने जस्ता कार्य भएको भन्ने आरोप निराधार रहेको छ। हात्तीहरूलाई उचित स्याहार-सुसार, स्वास्थ्य उपचार र प्राकृतिक वातावरणअनुकूल संरक्षण प्रदान गरिएको छ। हात्तीहरूको नियमित उपचार गरिएको तथ्य चितवन राष्ट्रिय निकुञ्जको भेटेरिनरी शाखाको अभिलेखबाट समेत देखिन्छ। हात्ती महोत्सव लगायतका गतिविधिमा पनि कुनै क्रूर व्यवहार नगरिएको, तालिमप्राप्त माहुतेबाट हात्तीको हेरचाह भइरहेको तथा निवेदकले आरोप पुष्टि हुने कुनै ठोस आधार प्रस्तुत गर्न नसकेको अवस्था रहेको छ। संविधानको धारा २५ बमोजिम सम्पत्तिको हक सुरक्षित रहेको, निजी स्वामित्वका हात्तीहरूको संरक्षण तथा व्यवस्थापन कानुनबमोजिम भइरहेको, संस्थाले सम्बन्धित कानुनहरूअनुकूल कार्य गर्दै आएको तथा कुनै कानुनविपरीत काम नगरेकाले रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको **युनाइटेड हात्ति सञ्चालन सहकारी संस्थाको तर्फबाट पेश भएको लिखित जवाफ।**

१५. यस राष्ट्रिय निकुञ्ज स्थापना कालदेखि नै वन्यजन्तु, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन तथा दुर्लभ वन्यजन्तु एवं वनस्पतिको अवैध व्यापार नियन्त्रणमा निरन्तर क्रियाशील रहेको छ। कार्यालयले मैजुदा कानूनी व्यवस्था अनुरुप नै आफ्नो कार्य सञ्चालन गर्दै आएको छ। निजी हात्तीको खरिद-बिक्री तथा व्यवस्थापन सम्बन्धमा, पर्सा जिल्लामा दर्ता रहेको "वेगमकली" नामक निजी हात्ती पर्यटन प्रयोजनका लागि बर्दियास्थित बबई रिसोर्ट प्रा.लि.मा ल्याइएको थियो। सर्वोच्च अदालतको अन्तरिम आदेश तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु

संरक्षण विभागको निर्देशन प्राप्त भएपछि, उक्त हात्तीको अभिलेखीकरणका लागि कार्यालयले सम्बन्धित रिसोर्टलाई पत्राचार गरेको थियो। त्यस क्रममा प्राप्त निवेदनबाट उक्त हात्तीको दर्ता तथा अभिलेखीकरण प्रक्रिया पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयमार्फत विभागमा भइसकेको छ। हात्तीको व्यवस्थापन, पालनपोषण तथा कल्याण सम्बन्धमा निकुञ्जले हात्तीमैत्री तालिमप्राप्त माहुतेमार्फत नै हात्तीको हेरचाह तथा व्यवस्थापन गरिरहेको छ। हात्ती र माहुते दुवैको सुरक्षालाई दृष्टिगत गरी निकुञ्जभित्र पालिएका हात्तीलाई पूर्ण रूपमा चेन-फ्री गर्न सकिने अवस्था भने छैन। यस कार्यालयबाट कुनै गैरकानुनी, क्रूर वा यातनापूर्ण व्यवहार गरिएको वा रिट निवेदनमा माग गरिएअनुसार परमादेश जारी हुनुपर्ने कुनै कार्य वा अकर्मण्यता नभएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको **बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वाराको तर्फबाट पेश भएको लिखित जवाफ।**

१६. पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३, वन ऐन, २०७६ लगायतका कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्दै वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, संवर्द्धन, व्यवस्थापन र उपयोगमा निरन्तर कार्यरत रहँदै आएको छ। संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ अन्तर्गत प्रजातिको दर्ता, नामसारी तथा स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको भन्ने निवेदकको दाबी सम्बन्धमा, नियमावली लागू भएको केही समयमै कोभिड-१९ महामारीका कारण कार्यसम्पादनमा असर परी दर्ता कार्य हुन नसकेको साथै नियमावलीको दर्तासम्बन्धी व्यवस्थामा संशोधन प्रस्तावित भई वन तथा वातावरण मन्त्रालयमार्फत प्रक्रिया अगाडि बढाइएको र संशोधन स्वीकृत भएपछि सोहीअनुसार कार्यान्वयन हुने नै छ। निजी हात्तीको खरिद-बिक्री तथा अभिलेखीकरण सम्बन्धमा, निकुञ्ज क्षेत्रभित्र रहेका निजी हात्तीहरूको विवरण अद्यावधिक गरी सम्बन्धित विभागमा पठाइएको छ। सर्वोच्च अदालतको अन्तरिम आदेश तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको निर्देशनअनुसार निजी हात्तीहरूको दर्ता, अभिलेखीकरण, बिक्री, हस्तान्तरण तथा तस्करी नियन्त्रण सम्बन्धी कार्य अगाडि बढाइएको र "वेगमकली" नामक एक निजी हात्तीको दर्ता सम्बन्धी निवेदन प्राप्त भएपछि सो विवरणसहित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा

दर्ताका लागि पत्राचार गरिसकिएको छ। हात्तीको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा निकुञ्जले हात्तीमैत्री तालिमप्राप्त माहुतेमार्फत हात्तीको हेरचाह तथा व्यवस्थापन गर्दै आएको, वृद्ध तथा बिरामी हात्तीको उपचार र व्यवस्थापन विज्ञ तथा वन्यजन्तु अस्पतालको सुझावअनुसार गरिएको तथा सम्भव भएसम्म चेन-फ्री व्यवस्थापनको प्रयास गरिएको छ। तथापि, पालिएका र जङ्गली हात्तीबीचको द्वन्द्व तथा कर्मचारी सुरक्षाको कारण पूर्ण रूपमा चे-फ्री व्यवस्था लागू गर्न कठिनाइ भइरहेको छ। यसरी निकुञ्जबाट कुनै गैरकानुनी, क्रूर वा रिट जारी गर्नुपर्ने प्रकृतिको कार्य नभएको तथा कानुनबमोजिम नै कार्य भइरहेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको **पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय, आधाभार, बाराको तर्फबाट पेश भएको लिखित जवाफ।**

**आदेश खण्ड**

१७. नियमबमोजिम सासाहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश भएको प्रस्तुत निवेदन-पत्रसहितको मिसिल संलग्न कागजात अध्ययन गरी हेरियो।

१८. रिट निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री रुपा बस्नेत, श्री संजय अधिकारी, श्री प्रतिभा सुवेदी र श्री लक्ष्मी नानी थापाले पृथ्वी सम्पूर्ण जैविक प्रजातिहरू (biological species) को साझा घर हो र मानव अस्तित्व प्रकृतिसँगको अन्योन्याश्रित सम्बन्धमा नै टिकेको छ। बढ्दो उपभोक्तावाद र अवैध व्यापारका कारण दुर्लभ वन्यजन्तु एवं वनस्पतिहरू संकटमा परिरहेको वर्तमान परिप्रेक्ष्यमा जैविक विविधता (bio-diversity) को संरक्षण केवल राष्ट्रिय मात्र नभई एक संवेदनशील विश्वव्यापी चासोको विषय बनेको छ। नेपाल पक्ष राष्ट्र भएको सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि (CITES), १९७३ ले अनुसूची १, २ र ३ मा वर्गीकृत दुर्लभ (rare), लोपोन्मुख (endangered) र संरक्षित (protected) प्रजातिहरूको गैरकानूनी ओसारपसार, स्वामित्व वा व्यापारलाई निषेध गर्दै तिनको प्राकृतिक संरक्षण तथा उक्त महासन्धिद्वारा निर्धारित गैह्रकानूनी क्रियाकलापमा संलग्नहरुप्रति कारबाहीको स्पष्ट अन्तर्राष्ट्रिय दायित्व सिर्जना गरेको छ। नेपालले उक्त महासन्धिको पक्ष राष्ट्र बनी सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र नियमावली, २०७६ जारी गरी यससम्बन्धी स्पष्ट कानुनी एवं संस्थागत संयन्त्रको व्यवस्था गरेको पाइन्छ। यस स्थितिमा महासन्धिको अनुसूचीअन्तर्गत

उच्च संरक्षणको सूचीमा रहेको अति सङ्कटापन्न एवं संरक्षित वन्यजन्तु 'एसियाली हात्ती' (*Elephas maximus*) को संरक्षण गर्नु र यसको अङ्ग वा आखेटोपहारको अवैध ओसारपसार एवं व्यापारलाई कडाईका साथ नियन्त्रण गर्नु नेपाल सरकार तथा सम्बद्ध न्यायिक एवं प्रशासनिक निकायहरूको कानुनी एवम् अन्तर्राष्ट्रिय रहेको दायित्व देखिन आउँछ। यद्यपी हात्तीहरुलाई पालनपोषण गर्दा परम्परागतरुपमा यातना दिई चेनमा बाँध्ने, तालिम दिँदा पिट्ने, अङ्कुशले घोच्ने लगायत चरम मानसिक तथा शारीरिक यातनाजन्य क्रियाकलाप हुँदै आइरहेको पाइन्छ। सोका अलावा बिरामी र वृद्ध हात्तीलाई समेत हात्ती सफारीमा प्रयोग गर्ने, औषधि उपचारको व्यवस्था समेत नगर्ने र पोषणयुक्त आहारको व्यवस्था नगर्ने कार्य हात्ती धनीहरुबाट हुँदै आएको छ। उल्लिखित नियमावलीको नियम १२ बमोजिम हात्ती धनीहरुबाट नियमावली प्रारम्भ भएको एक वर्षभित्र अनिवार्य हात्ती दर्ता गराउनु पर्नेमा हात्ती धनीहरुले सो दायित्व निर्वाह गरेको समेत देखिदैंन। यसले गर्दा सीमापारीको मुलुक भारतसँग गैरकानूनी तरिकाले हात्तीको खरिद, बिक्री तथा हस्तान्तरण भइरहेको देखिन्छ भने सङ्कटान्न वन्यजन्तुको रुपमा सूचीकृत हात्तीको दर्ता हुन नसकेकै कारणबाट सो कार्यको पहिचान, अनुगमन तथा निगरानी समेत प्रभावकारी रुपमा हुन सकेको देखिदैंन। सोको अलावा जंगली हात्तीको शिकार, वासस्थानमाथिको अतिक्रमण, मानिस-हात्ती द्वन्द्व आदि कारणले हात्तीहरूको दीर्घकालीन अस्तित्व र संरक्षणलाई गम्भीर रूपमा प्रभावित गरिरहेका छन्। तसर्थ, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ को नियम १२ बमोजिम दर्ता नगरिएका हात्तीहरु ऐ. को नियम १५ बमोजिम जफत गर्नु गराउनु, हात्तीहरुको गैह्रकानूनी निकासी तथा पैठारीमा संलग्न व्यक्ति, संस्थाहरु तथा सरोकारवाला संस्थाहरुको अकर्मणयाताले तस्करी बढेको सरोकारवाला कर्मचारीहरुलाई कारवाहीको दायरामा ल्याई निजहरु उपर मुद्दा दायर गर्नु गराउनु, हात्तीहरुलाई चेनमा बाँध्ने, पिट्ने, यातना दिने, हात्ती महोत्सव गर्ने जंस्ता कार्यहरु नगर्नु नगराउनु तथा वृद्ध र बिरामी हात्तीहरुको स्याहार सुसार तथा उपचारको आवश्यक प्रबन्ध गरी सम्पूर्ण हात्तीहरुलाई प्रकृति मैत्री जिवनशैलीमा रहन पाउने व्यवस्था गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश समेत जारी गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

१९. विपक्षी राष्ट्रिय निकुञ्ज समेतको तर्फबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ता श्री दिनेश प्रताप शाह, विपक्षी राष्ट्रिय प्रकृति संरक्षण कोषको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री ज्ञानेन्द्र नेपाल र विपक्षी युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था, सौराहाको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता डा. श्री भिमार्जुन आचार्य र विद्वान अधिवक्ता श्री तारा प्रसाद लामिछानेले नेपाल सरकारका सम्बन्धित निकायहरू- वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, चितवन, बर्दिया तथा पर्सा राष्ट्रिय निकुञ्जका कार्यालयहरू, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय प्रकृति संरक्षण कोष तथा अन्य सरोकारवाला निकायहरूले आ-आफ्नो कानूनी क्षेत्राधिकारभित्र रही सङ्कटापन्न वन्यजन्तु हात्तीको संरक्षण, अभिलेखीकरण, तस्करी नियन्त्रण, अनुसन्धान तथा व्यवस्थापन सम्बन्धी कार्य निरन्तर रूपमा सम्पादन गर्दै आएका छन्। निवेदकले जिकिर गरेजस्तो कानूनी शून्यता वा पूर्ण निष्क्रियताको अवस्था विद्यमान छैन। सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ कार्यान्वयनका क्रममा कोभिड-१९ महामारीका कारण असामान्य परिस्थिति उत्पन्न भएकाले नियमावलीको नियम १२ तथा १३ बमोजिम सङ्कटान्न वन्यजन्तु हात्तीको दर्ता हुन नसकेको हो। मिति २०८०।१०।०४ मा नियमावली संशोधन भइ नियम १२ मा उपनियम (१क) थप गरी उक्त उपनियम प्रारम्भ भएको छ महिनाभित्र वन्यजन्तु दर्ताका लागि निवेदन दिन सक्ने प्रावधान समावेश भएसँगै सबै घरपालुवा (captive) हात्तीहरु दर्ता भइसकेका छन्। निजी हात्तीको दर्ता, नामसारी, हस्तान्तरण तथा संरक्षण सम्बन्धी विषयहरू कानूनले निर्दिष्ट गरेबमोजिम अधिकारप्राप्त निकायबाट निरन्तर कार्यान्वयन भइरहेको अवस्था छ। त्यस्तै, हात्तीको अवैध खरिद-बिक्री, तस्करी वा कानूनविपरीतका क्रियाकलाप भएमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिम अनुसन्धान, अभियोजन र कारबाही गर्ने पर्याप्त कानूनी संयन्त्र विद्यमान छ। निवेदकले कुनै निश्चित व्यक्ति, घटना वा कानूनबमोजिम अनुसन्धानयोग्य कसूरको यथार्थ विवरण प्रस्तुत नगरी केवल आशंका र अनुमानका आधारमा व्यापक प्रकृतिको परमादेश माग गरेको देखिन्छ। अतः सम्बन्धित निकायहरूबाट आफ्नो कानूनी दायित्व निर्वाह भइरहेको, निवेदकले उल्लेख गरेको मागदावीको घरपालुवा हात्ती दर्ता सम्बन्धी विषय सम्बोधन भइसकेको र अन्य विषयहरु कार्ययोजना बनाई बिस्तारै योजनाबद्ध

रुपमा सम्बोधन हुँदै जाने नै हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

२०. रिट निवेदकको निवेदन दावीतर्फ हेर्दा, नेपाल पक्ष राष्ट्र रहेको साईटिस (CITES) महासन्धि तथा सोको कार्यान्वयनका लागि बनेको सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र नियमावली, २०७६ ले घरपालुवा तथा निजी स्वामित्वमा रहेका सङ्कटापन्न वन्यजन्तु हात्तीहरूलाई तोकिएको अवधिभित्र अनिवार्य रूपमा दर्ता तथा अभिलेखीकरण (registration and documentation) गर्नुपर्ने व्यवस्था गरेको भए पनि सम्बन्धित निकायहरूले सो व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन नगर्दा सौराहा लगायतका क्षेत्रमा हात्तीहरूको गैरकानूनी खरिद-बिक्री, हस्तान्तरण, अन्तरदेशीय तस्करी (cross-border smuggling) तथा स्रोत नखुलेको रकममार्फत सम्पत्ति शुद्धीकरणसमेत भइरहेको, दर्ता नभएका हात्तीहरूलाई नियमावलीको नियम १५ बमोजिम जफत गर्नुपर्ने कानूनी दायित्व हुँदाहुँदै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग लगायतका निकायहरू निष्क्रिय बसेको तथा सङ्कटापन्न हात्तीहरुमाथि विभिन्न किसिमले क्रुर व्यवहार भइरहेकाले गैरकानूनी रूपमा हात्तीको खरिद-बिक्री वा हस्तान्तरण गर्ने व्यक्तिहरू तथा त्यस्ता कार्य रोक्न कानूनी कर्तव्य निर्वाह नगर्ने सम्बन्धित अधिकारीहरूमाथि अनुसन्धान र कारबाही गर्न, दर्ता नभएका हात्तीहरू जफत गर्न, हात्तीमाथि हुने चेनले बाँध्ने, पिट्ने, अङ्कुशले घोच्ने लगायतका क्रूर व्यवहार रोक्न, चेन-फ्री तथा प्राकृतिक वातावरणमैत्री व्यवस्थापनको व्यवस्था गर्न तथा हात्ती संरक्षणसम्बन्धी कानूनहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न विपक्षीहरूको नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउन माग गरेको देखियो।

२१. विपक्षीहरुको तर्फबाट पेस भएको लिखित जवाफमा मुख्यतः सङ्कटापन्न वन्यजन्तु हात्तीको संरक्षण, अभिलेखीकरण, तस्करी नियन्त्रण तथा कानून कार्यान्वयनका लागि आवश्यक कानूनी तथा संस्थागत व्यवस्था विद्यमान रहेको, सम्बन्धित निकायहरूले आ-आफ्नो क्षेत्राधिकारभित्र रही आवश्यक कार्य, समन्वय, निर्देशन तथा निगरानीका गतिविधिहरू सञ्चालन गर्दै आएको, कोभिड-१९ द्वारा सिर्जित जटिल परिस्थितिले गर्दा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ को नियम १२ तथा १३ बमोजिम हात्तीको दर्ता तथा अभिलेखिकरण निर्धारित समयावधिभित्र हुन नसकेतापनि हात्तीहरुको दर्ता तथा

अभिलेखिकरण सम्बन्धी नियम संशोधनको अन्तिम चरणमा पुगेको, सर्वोच्च अदालतबाट जारी अन्तरिम आदेशबमोजिम सम्पूर्ण घरपालुवा तथा निजी (captive) हात्तीहरु दर्ता भइसकेको तथा निवेदकले दाबी गरेजस्तो पूर्ण निष्क्रियता वा कानूनी दायित्वको जानीजानी उल्लङ्घन भएको अवस्था नरहेको हुँदा रिट निवेदन खारेज हुनुपर्ने जिकिर रहेको देखियो।

२४. उपरोक्त बहस जिकिर समेत सुनि निवेदकको रिट निवेदन, विपक्षी कार्यालयहरुको लिखित जवाफ एवं मिसिल सामेल कागजातको अध्ययन गरी हेर्दा, प्रस्तुत रिट निवेदनमा मुलतः निम्न प्रश्नहरुको निरुपण गर्नुपर्ने देखिन आयो।

क) प्रस्तुत विवाद सङ्कटापन्न वन्यजन्तु हात्तीको संरक्षण, जैविक विविधता, वातावरणीय अधिकार तथा राज्यको संवैधानिक एवं अन्तर्राष्ट्रिय दायित्वसँग सम्बन्धित भई सार्वजनिक सरोकार (public interest) को विषयवस्तु हो वा होइन?

ख) सङ्कटापन्न वन्यजन्तुको रुपमा सूचिकृत 'एसियाली हात्ती' (*Elephas maximus*) को अन्तराष्ट्रिय व्यापार रोकथाम तथा संरक्षण सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय के-कस्ता कानूनी मान्यता तथा अभ्यासहरु रहेका छन?

ग) सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ तथा नियमावली, २०७६ बमोजिम घरपालुवा तथा निजी प्रयोजनका लागि पालिएका हात्तीहरु (captive elephants) को दर्ता, अभिलेखीकरण तथा संरक्षण सम्बन्धी कानूनी दायित्वको प्रभावकारी कार्यान्वयन भए नभएको अवस्था के कस्तो रहेको छ?

घ) हात्तीजस्तो दुर्लभ र सङ्कटापन्न वन्यजन्तुलाई परम्परागत रूपमा दिइने यातना (चेनमा बाँध्ने, अङ्कुशले घोच्ने, पिट्ने) लाई निरुत्साहित गर्दै चेन फ्री (chain free) तथा हात्तीको प्राकृतिक जीवनशैलीसँग मेल खाने व्यवस्था लागू गर्नुपर्ने आवश्यकता छ वा छैन?

ङ) निवेदकले माग गरेबमोजिम विपक्षीहरूका नाममा परमादेश वा अन्य उपयुक्त आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान छ वा छैन?

२५. निर्णय तर्फ विचार गर्दा, प्रस्तुत विवादमा उठाइएका प्रश्नहरूको निरूपणतर्फ प्रवेश गर्नु अगाडि विवादको केन्द्रविन्दुमा रहेको दुर्लभ तथा सङ्कट्टापन्न जीव हात्तीको स्वरूप तथा प्रकृति, विशेषता, महत्व, यसको पर्यावरणीय संवेदनशीलता र नेपालमा यसको अवस्थितिको बारेमा संक्षिप्त चर्चा गर्नु सान्दर्भिक देखिन आयो।

२६. विश्वमा मुख्यतः अफ्रिकी हात्ती (African elephant) र एशियाली हात्ती (Asian elephant) पाइने गरेका छन्। नेपालमा पाइने हात्तीहरु एशियाली प्रजातिका हात्ती (*Elephas maximus*) हुन, जुन विशेष गरी एसियाको नेपाल, भारत, श्रीलंका लगायत दक्षिण तथा दक्षिण-पूर्वी मुलुकहरुमा पाइने गर्दछ।[१] हात्ती नेपालमा पाइने सबैभन्दा ठूलो स्थलीय स्तनधारी जनावरको रुपमा रहेको छ। नेपालको तराई तथा चुरे क्षेत्रका संरक्षित क्षेत्रहरू जस्तै कोशीटप्पु वन्यजन्तु आरक्ष तथा पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज एवं मध्यवर्ती क्षेत्रहरू जङ्गली हात्तीका मुख्य वासस्थान र परम्परागत जैविक मार्गहरू भएका क्षेत्रहरुका रुपमा रहेका छन।[२] सोका अलावा ति क्षेत्रहरुमा विभिन्न प्रयोजनका लागि सरकारी तथा निजी स्वामित्वमा हात्ती पालिदै आएको पाइन्छ।

२७. हात्तीलाई अद्वितीय शारीरिक संरचना र उच्च बौद्धिक चेतना भएको वन्यजन्तुको रुपमा लिइन्छ। सामाजिक, पारिवारिक र भावनात्मक रूपमा समेत सबल मानिने यो जीव सामान्यतया मातृसत्तात्मक समूह (matriarchal herd) मा बस्ने गर्दछन्, जसमा सबैभन्दा बुढी र अनुभवी ढोई (माउ हात्ती) ले समूहको नेतृत्व, सामाजिक अनुशासन र मार्गनिर्देशन गर्ने गरेको पाइन्छ।[३] यिनीहरूको स्मरणशक्ति (memory) र संवेगात्मक क्षमता मानव सरह रहेको मानिन्छ जसका कारण यिनीहरूले वर्षौं पुराना जैविक मार्गहरू, पानीका स्रोतहरू, समूहका सदस्यहरू र आफूमाथि भएको व्यवहारलाई सजिलै चिन्न र सम्झन सक्छन्।[४] यिनीहरुको ठूलो आकार तथा शाकाहारी जिवनशैलीको कारणले गर्दा आहार र पानीका स्रोत खोज्न विस्तृत भौगोलिक क्षेत्र तथा भूभाग (large area) को अपरिहार्यता रहने देखिन्छ। जैविक स्वभावकै कारण आहार र उपयुक्त बासस्थानको खोजीमा जङ्गली हात्तीहरुले परम्परागत

---

१ https://en.wikipedia.org/wiki/Asian_elephant retrieved at 25 June, 2026.

२ Sami Shrestha & Jiban Shrestha, *Asian Elephants and Their Status in Nepal: A Review*, 4 J. Agric. & Nat. Res. 227 (2021). Retrieved from https://www.nepjol.info/index.php/janr/article/view/33828/26564 retrieved on 25 June, 2026.

३ Elephant Aid International, *Elephant Matriarchal Society*, Elephant Aid International (20 March, 2026), retrieved from https://elephantaidinternational.org/fun-facts/elephant-matriarchal-society/ retrieved at 25 June, 2026.

४ ElephantVoices, *Elephant Social Behavior*, ElephantVoices (2026) retrieved from https://www.elephantvoices.org/elephant-social-behavior , retrieved on 25 June, 2026.

जैविक मार्ग (ecological corridors) प्रयोग गरी लामो दुरीको अन्तरदेशीय यात्रा समेत तय गर्दछन। नेपालको झापा, बर्दिया तथा शुक्लाफाँटाजस्ता क्षेत्रहरुमा सयौं वर्षदेखि नेपाल र भारत सीमापार जङ्गली हात्तीहरुको आवातजावत हुँदै आएको समेत पाइन्छ। यस प्रकारको आवागमन कुनै आकस्मिक वा अस्वाभाविक घटना नभई हात्तीको प्राकृतिक व्यवहार तथा ऐतिहासिक प्रवास मार्गसँग सम्बन्धित रहेको मानिन्छ।[५]

२८. पर्यावरणीय दृष्टिकोणबाट हेर्दा हात्तीलाई पारिस्थितिकीय प्रणालीको 'किस्टोन प्रजाति' (Keystone Species) र 'इकोसिस्टम इन्जिनियर' (Ecosystem Engineer) को रूपमा आत्मसात गरिएको छ। वनजङ्गलको सन्तुलन कायम राख्न, नयाँ वनस्पतिहरूको चक्र चलाउन र अन्य साना जीवहरूको अस्तित्व रक्षा गर्न हात्तीको भूमिका अपरिहार्य रहेको मानिन्छ। हात्तीले जङ्गलमा हिँड्ने क्रममा बनाउने फराकिला र खुला मार्गहरू (elephant corridors) ले अन्य साना वन्यजन्तुहरूलाई आवतजावत र चरनमा सहजता प्रदान गर्दछन् भने यसले खाने वनस्पति र सोपश्चात गर्ने दिसा (गोबर) मार्फत टाढा-टाढासम्म बीउ बिजन फैलाउने (seed dispersal) कार्य गर्दछ, जसले वनको पुनर्उत्पादन, माटोको उर्वराशक्ति र जैविक विविधतालाई जीवन्त राख्छ। सुख्खायाममा हात्तीले आफ्नो खुट्टा र सुँडले भुइँ खनेर निकाल्ने पानीका खाल्डाहरू तथा हात्तीले खोर्सेर बस्दा बन्ने खाडलहरुमा वर्षायाममा जम्ने पानी अन्य कयौं चराचुरुङ्गी र स्थलचर वन्यजन्तुका लागि पानीको मुख्य प्राकृतिक स्रोत बन्ने गर्दछन्।[६७] यसरी हेर्दा हात्तीको संरक्षण र संवर्द्धन गर्नु भनेको केवल एउटा विशिष्ट प्रजातिको संरक्षण मात्र नभई समग्र वन, चुरे पर्यावरण र पारिस्थितिक प्रणालीकै समष्टिगत चक्रलाई जोगाउनु हो भनी बुझ्ने समेत देखिन्छ।

---

[५] DNPWC/DoFSC (2025). Elephant Conservation Action Plan for Nepal (2025-2035). Department of National Parks and Wildlife Conservation and Department of Forests and Soil Conservation, Kathmandu, Nepal. Retrieved from https://ntnc.org.np/sites/default/files/doc_publication/2025-05/Elephant_Action%20Plan_Nepal_2025_2035_.pdf retrieved on 25 June, 2026

[६] Ibid. at P. 30.

[७] Think Wildlife Foundation, *why are elephants considered ecosystem engineers?* Think Wildlife Foundation (6 June, 2021), retrieved from https://thinkwildlifefoundation.com/elephants-are-ecosystem-engineers/ retrieved on 26 June, 2026.

२९. प्राचीन युद्धदेखि आधुनिक समयसम्म हात्तीले मानव समाजमा विशिष्ट भूमिका निर्वाह गरेको पाइन्छ। महाभारतको युद्धमा हात्तीलाई सैन्य शक्तिको महत्वपूर्ण अंगका रूपमा प्रयोग गरिएको वर्णन पाइन्छ भने विश्व इतिहासका विभिन्न युद्धहरूमा समेत हात्तीलाई युद्ध प्रयोजनका लागि प्रयोग गरिएको दृष्टान्तहरू रहेका छन्। विशेषतः दोस्रो विश्वयुद्धको समयमा जापानविरुद्ध वर्माको युद्धमा हात्तीहरूले कठिन भौगोलिक परिस्थितिमा सैनिक सामग्री ओसारपसार, यातायात तथा अन्य सहयोगी कार्यहरूमा महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख पाइन्छ। धार्मिक तथा सांस्कृतिक दृष्टिकोणबाट समेत हात्तीको उच्च स्थान रहेको देखिन्छ। हिन्दु धार्मिक ग्रन्थहरूमा हात्तीलाई पवित्र जनावर र गणेश भगवानका रूपमा वर्णन गरिएको छ। हिन्दु पौराणिक कथाअनुसार देवता र दानवबीच भएको समुद्र मन्थनको प्रसङ्गमा अमृत प्राप्तिको कथासँग हात्तीको सम्बन्ध जोडिएको पाइन्छ। त्यस्तै, देवताका राजा इन्द्रको वाहनका रूपमा ऐरावत हात्तीलाई विशेष सम्मानका साथ प्रस्तुत गरिएको छ। भगवान गणेशलाई हात्तीको शिर भएको देवताको रूपमा पूजा गरिनु पनि हात्तीप्रतिको धार्मिक आस्था र सम्मानको महत्वपूर्ण उदाहरण हो।[८] विभिन्न प्राचीन सिक्काहरूमा समेत हात्तीका आकृतिहरू अंकित गरिएको पाइन्छ, जसले तत्कालीन समाजमा हात्तीको आर्थिक, राजनीतिक तथा सांस्कृतिक महत्त्व रहेको देखाउँछ। नेपालमा समेत हात्तीलाई विशेष सम्मान गरिन्छ। नेपाली रुपैयाँको सबैभन्दा ठूलो रु. १००० को नोटमा हात्तीको चित्र समावेश गरिनुले नेपाली समाजमा हात्तीको ऐतिहासिक, सांस्कृतिक तथा राष्ट्रिय महत्त्वलाई प्रतिबिम्बित गर्दछ। यसरी हेर्दा हात्ती केवल एउटा वन्यजन्तु मात्र नभई नेपाल र नेपालीको अभिन्न धार्मिक र सांस्कृतिक मानकभन्दा पनि माथि मानव सभ्यता, इतिहास, धर्म, संस्कृति तथा सामाजिक पहिचानसँग गहिरो रूपमा जोडिएको महत्वपूर्ण प्राणीका रूपमा रहेको देखिन्छ। त्यसैले यसको संरक्षण जैविक विविधताको संरक्षण मात्र नभई मानव सभ्यताको ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसमेत रहेको देखिन्छ।

[८] बी.ए. डेनियल et al., *मानव-हात्ती सहअस्तित्व,* Wildlife Conservation Association Nepal (WildCAN) (March 2020). Retrieved from https://media.rufford.org/media/project_reports/25005-B_HECx_Manual_Nepali_2020.pdf retrieved on 2026.

३०. मुख्यतः नेपालमा हात्तीहरू दुई अवस्थामा रहेका पाइन्छन्- जङ्गली हात्ती र घरपालुवा वा बन्दी अवस्थाका हात्ती (captive elephants)। चितवन, बर्दिया, पर्सा, बाँके र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा कोशीटप्पु आसपासका वन क्षेत्रहरू जङ्गली हात्तीहरुको बासस्थानको रूपमा रहेका छन्। यी जङ्गली हात्तीहरू प्राकृतिक वासस्थानमा स्वतन्त्र रूपमा विचरण गर्ने तथा वन पारिस्थितिकीय प्रणालीको अभिन्न अङ्ग हुन। अर्कोतर्फ, ऐतिहासिक रूपमा वन व्यवस्थापन, निकुञ्ज संरक्षण, धार्मिक तथा पर्यटन प्रयोजनका लागि केही हात्तीहरू घरपालुवा रूपमा समेत राखिँदै आएको पाइन्छ। यस्ता घरपालुवा हात्तीहरू सरकारी निकाय, संरक्षण संस्थाहरू तथा निजी क्षेत्रको स्वामित्वमा छन। नेपालमा जङ्गली हात्तीहरू करिब २३० तथा घरपालुवा हात्तीहरु, सरकारी स्वामित्वमा रहेका १०८ र नीजि स्वामित्वमा रहेका ६९ गरी १७७ को सङ्ख्यामा रहेका देखिन्छन्।[९] सरकारी स्वामित्वका हात्तीहरू प्रजनन तथा वंश संरक्षण, उद्धार तथा दैवी प्रकोप व्यवस्थापन, गैडा, बाघ जस्ता जङ्गली जनावरहरुको अनुसन्धान तथा अनुगमन, गणना तथा विशेष परिस्थितिमा समात्न (capture), समारोह तथा कार्यक्रममा उपयोग गरिदै आएको पाइन्छ भने नीजि स्वामित्वमा रहेका हात्तीहरु पर्यटकीय सफारी, स्थानीय आयआर्जन, हात्ती महोत्सव, हात्तीमैत्री पदयात्रा (elephant friendly-walk/ ethical wildlife tourism) आदिजस्ता गतिविधिहरुमा प्रयोग गरिदै आइएको पाइन्छ।[१०] समग्रमा, हात्तीको पालनपोषण तथा व्यवस्थापन केवल मानवीय मनोरञ्जन वा आर्थिक गतिविधिसँग मात्र सीमित नरहेर जैविक विविधता संरक्षण, वातावरणीय चक्र र पारिस्थितिक प्रणाली (ecosystem) को सन्तुलन कायम राख्न महत्त्वपूर्ण रहेको देखिन्छ।

३१. अन्तर्राष्ट्रिय स्तरमा दुर्लभ तथा संकटापन्न वन्यजन्तु र वनस्पतिको गैरकानुनी व्यापारका कारण प्राकृतिक सन्तुलनमा गम्भीर संकट पैदा भएपछि त्यस्तो अनियन्त्रित व्यापारलाई नियमन र नियन्त्रण गर्ने उद्देश्यका साथ सन् १९७३ मा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि (CITES) तर्जुमा भई सन् १९७५ देखि कार्यान्वयनमा आएको

---

९ Supra note 5, at pp. 11-13

१० Sandeepa Gautum & Narayan Koju, *Demographic and Health Status of Captive Elephants Around Chitwan National Park, Nepal*, 23 Biodiversitas J. Biological Diversity 1621 (2022).

देखिन्छ। यसै सन्दर्भमा एसियाली हात्ती (*Elephas maximus*) को दाह्रा (ivory), छाला तथा अन्य अङ्गहरूको अन्तर्राष्ट्रिय अवैध व्यापार र तीव्र वासस्थान विनाशका कारण विश्वव्यापी सङ्ख्यामा गम्भीर गिरावट आएपछि यस प्रजातिलाई विलोप हुनबाट जोगाउन CITES ले सन् १९७५ मा नै आफ्नो सर्वोच्च संरक्षण श्रेणी अनुसूची-१ (Appendix I) मा सूचीकृत गरेको पाइन्छ। यस प्रजातिका हात्तीहरुको व्यावसायिक उद्देश्यले गरिने अन्तर्राष्ट्रिय व्यापारमा पूर्ण प्रतिबन्ध लगाइएको छ। नेपाल CITES को पक्ष राष्ट्र भएको र नेपालको संविधानले दुर्लभ वन्यजन्तुको विशेष संरक्षण गर्ने नीति अंगीकार गरेको सन्दर्भमा हात्तीको संरक्षण गर्नु नेपालको अन्तर्राष्ट्रिय र संवैधानिक दायित्व हुन आउने देखिन्छ। नेपालले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को अनुसूची-१ (Schedule-I) मा एसियाली हात्तीलाई 'संरक्षित वन्यजन्तु' को रूपमा पूर्ण संरक्षण प्रदान गर्दै हात्ती मार्ने, घाइते बनाउने वा आखेटोपहार ओसारपसार गर्ने कार्य गर्ने कसूरदारलाई रु. ५ लाख देखि १० लाखसम्म जरिवाना वा ५ वर्ष देखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने कठोर कानुनी व्यवस्था गरेको छ। त्यस्तै नेपालले उक्त महासन्धिको पक्ष राष्ट्र बनी सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र नियमावली, २०७६ जारी गरी यससम्बन्धी स्पष्ट कानुनी एवं संस्थागत संयन्त्रको व्यवस्था गरेको पाइन्छ। यद्यपि, जङ्गली हात्ती र घरपालुवा हात्तीको संरक्षणका सम्बन्धमा मानव-हात्ती अन्तर्द्वन्द्व, वासस्थानको विनाश, अवैध ओसारपसार र वन्यजन्तु व्यवस्थापन अन्तर्गत हात्तीलाई चेन फ्री गर्ने लगायतका कल्याणकारी दृष्टिकोण (welfare approach) पेचिलो बनेर आएको देखिन्छ। मूलभूत रुपमा निजी रुपमा पालिएका घरपालुवा हात्तीहरूको दर्ता, अभिलेखीकरण, स्वामित्व व्यवस्थापन, संरक्षण तथा कल्याणसम्बन्धी प्रश्नहरू हाल वन्यजन्तु संरक्षण कानून तथा अन्तर्राष्ट्रिय मान्यताका दृष्टिले महत्वपूर्ण विषयका रूपमा स्थापित भएका छन्। प्रस्तुत विवाद पनि यिनै घरपालुवा तथा निजी स्वामित्वमा रहेका हात्तीहरूको कानूनी व्यवस्थापन, संरक्षण र कल्याणसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको देखिन्छ।

३२. अब, प्रस्तुत विवाद सार्वजनिक सरोकारको विषयवस्तु हो वा होइन भन्ने पहिलो प्रश्नतर्फ विचार गर्दा, रिट निवेदनमा उठाइएको विषय कुनै व्यक्ति विशेषको निजी हक, स्वार्थ वा सीमित वर्गको हितसँग मात्र सम्बन्धित नभई सङ्कटापन्न वन्यजन्तु हात्तीको संरक्षण, जैविक विविधताको

संवर्द्धन, वातावरणीय सन्तुलनको रक्षा तथा नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष व्यक्त गरेका दायित्वहरूको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित रहेको देखिन्छ। रिट निवेदनमा हात्ती जस्तो सङ्कटापन्न वन्यजन्तुको अवैध व्यापार, ओसारपसार तथा तस्करी नियन्त्रणका लागि प्रचलित कानूनको कार्यान्वयन हुन नसकेको, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ को नियम १२ बमोजिम दर्ता नगरिएका हात्तीहरु ऐ. को नियम १५ बमोजिम जफत नगरिएको तथा सम्बन्धित निकायहरूको निष्क्रियताका कारण हात्तीको अन्तरदेशीय तस्करी (transnational smuggling) मा वृद्धि भई जैविक विविधता र वातावरणीय हितमा प्रतिकूल असर परेको भनी प्रश्न उठाइएको छ। यस प्रकारको विषयवस्तुले कुनै एक व्यक्तिलाई मात्र नभई समग्र समाज, राष्ट्र तथा भावी पुस्ताको साझा हितसँग सम्बन्ध राख्दछ।

३३. नेपालको संविधानको धारा ३० ले प्रत्येक व्यक्तिलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक सुनिश्चित गरेको छ भने धारा ५१(छ) ले वन, वन्यजन्तु, जैविक विविधता तथा प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्न राज्यलाई मार्गनिर्देशन गरेको छ। त्यसैगरी नेपाल पक्ष भएको संकट्टापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि (CITES) लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूले पनि सङ्कटापन्न प्रजातिको संरक्षणलाई राज्यको दायित्वको रूपमा स्थापित गरेका छन्। वन्यजन्तु तथा जैविक विविधताको संरक्षण वर्तमान पुस्ताको मात्र नभई भावी पुस्ताको समेत सरोकारको विषय भएकाले यसले अन्तरपुस्ता समन्यायको सिद्धान्त (Principle of Intergenerational Equity) लाई समेत समेट्दछ।

३४. सार्वजनिक सरोकारको विवाद सम्बन्धमा यस अदालतबाट राधेश्याम अधिकारी वि. श्री ५ को सरकार, मन्त्री परिषद् सचिवालय, सिंहदरबारसमेत भएको मुद्दामा[११] **"सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरुको व्यक्तिगत हक वा सरोकारमा मात्र सीमित भएको विवाद नभएर नेपाल अधिराज्यको सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसंग सम्बन्धित भएको विवादको बोध हुन्छ, कुनै**

[११] ने.का.प. २०४८ अंक १२ नि.नं. ४४३०

**विवाद सार्वजनिक हक वा सरोकारको हो वा होइन भन्ने कुराको निर्णय त्यो विवाद सर्वसाधारण जनताको वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसंग सम्बन्धित छ वा कुनै खास व्यक्ति वा व्यक्तिहरुको हक वा सरोकारसंग सम्बन्धित छ भन्ने आधारमा गर्नुपर्ने।"** भन्ने व्याख्या भएपश्चात अन्य विभिन्न मुद्दाहरुमा समेत व्याख्या भएको देखिन्छ। अधिवक्ता अर्जुन कुमार अर्याल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको परमादेश मुद्दामा[१२] **"विवादको स्वभाव, प्रकृति वा चरित्रका आधारमा त्यस विवादलाई सार्वजनिक विवाद हो वा व्यक्तिगत विवाद हो भनी छुट्याउनु पर्दछ। सामान्यतयाः देशको सुरक्षा, शासन व्यवस्था, सामाजिक शान्ति, जनसाधारणको शिक्षा, स्वास्थ्य र नैतिकता, देशको आर्थिक अवस्था, साँस्कृतिक वा धार्मिक विषय, सामाजिक न्याय, वातावरणीय न्याय आदि विविध विषयहरू सन्दर्भअनुसार सार्वजनिक हित वा सरोकारको विषय बन्ने गर्दछन्। वस्तुतः सार्वजनिक हित वा सरोकारको विषय वा क्षेत्र यति नै हो भनेर सूचिकृत गर्न सकिँदैन। यो प्रत्येक विवादको तथ्यगत सन्दर्भमा (case to case basis) निरूपण गरिने विषय देखिन्छ। तथापि अदालतबाट निरूपण गरिने सार्वजनिक सरोकारको विवादको अर्थ लगाउँदा संविधान वा कानूनद्वारा प्रदत हक अधिकारको सापेक्षतामा अर्थ लगाइनु पर्ने।"** भनी थप व्याख्या भएको पाइन्छ। कुनै विषयले व्यापक जनसमुदाय, सार्वजनिक हित, वातावरण, प्राकृतिक सम्पदा वा संवैधानिक मूल्य-मान्यतामा असर पार्ने अवस्था भएमा त्यस्तो विषयलाई सार्वजनिक सरोकारको विषयवस्तु मान्नुपर्ने हुन्छ। प्रस्तुत विवादमा उठाइएका प्रश्नहरू पनि कानूनको प्रभावकारी कार्यान्वयन, वन्यजन्तु संरक्षण, वातावरणीय अधिकार तथा राज्यका सार्वजनिक दायित्वसँग सम्बन्धित देखिएकाले र निवेदकहरू यस विषयमा कार्यरत व्यक्ति समेत देखिएकाले यस विषयमा अर्थपूर्ण र पर्याप्त सरोकार रहेको मान्नुपर्ने देखिन्छ। अतः प्रस्तुत विवाद सार्वजनिक सरोकार (public interest) को विषयवस्तु रहेको निष्कर्षमा पुग्नुपर्ने देखिन्छ।

३५. दोश्रो प्रश्न अर्थात सङ्कटापन्न वन्यजन्तुको रुपमा सूचिकृत 'एसियाली हात्ती' (*Elephas maximus*) को अन्तराष्ट्रिय व्यापार रोकथाम तथा संरक्षण सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय के-कस्ता कानूनी मान्यता तथा अभ्यासहरु रहेका छन भन्ने सन्दर्भमा विचार गर्दा, हात्ती जस्तो

[१२] ने.का.प. २०७३ अंक. ९ नि.नं. ९६८६

सङ्कटापन्न जीवको संरक्षण गर्नु केवल वातावरणीय आवश्यकता मात्र नभएर वर्तमान पुस्ताले भावी पुस्ताका लागि प्राकृतिक सम्पदाको जगेर्ना गर्नुपर्ने अन्तरपुस्ता समन्यायको सिद्धान्त (Principle of Intergenerational Equity) सँग समेत सम्बन्धित रहेको देखिन्छ। विश्वव्यापी रूपमा दुर्लभ तथा सङ्कटापन्न प्रजातिहरूको अवैध व्यापार, तस्करी तथा अनियन्त्रित दोहनका कारण तिनको अस्तित्व नै संकटमा पर्न थालेपछि अन्तर्राष्ट्रिय समुदायले यस्ता प्रजातिको संरक्षणलाई साझा दायित्वको रूपमा स्वीकार गरेको पाइन्छ। यही उद्देश्यका साथ सन् १९७३ मा दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि (Convention on International Trade in Endangered Species of Wild Fauna and Flora-CITES) सम्पन्न भई सन् १९७५ देखि कार्यान्वयनमा आएको देखिन्छ। नेपालले उक्त महासन्धिमा मिति १९७५ जुन १८ मा हस्ताक्षर गरी पक्ष राष्ट्र बनेको देखिन्छ। उक्त महासन्धिले अनुसूची-१, २ र ३ मा सूचीकृत प्रजातिहरूको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन, नियन्त्रण वा निषेध गरी तिनको अस्तित्व संरक्षण गर्ने व्यवस्था गरेको छ। विशेषतः अनुसूची-१ मा समावेश गरिएको एसियाली हात्तीजस्तै अत्यन्त दुर्लभ तथा लोपोन्मुख प्रजातिहरूको व्यापारमा कडा नियन्त्रणको व्यवस्था गरेको पाइन्छ।[१३] CITES महासन्धिको धारा २ (Article II)[१४] ले अनुसूची-१ मा सूचीकृत प्रजातिहरूलाई लोप हुने अवस्थामा पुगेका (threatened with extinction) वन्यजन्तुको रूपमा परिभाषित गर्दै यस्ता प्रजातिहरूको व्यावसायिक उद्देश्यका लागि गरिने अन्तर्राष्ट्रिय व्यापारमा पूर्ण प्रतिबन्ध लगाउने र केवल वैज्ञानिक वा संरक्षणमूलक कार्यका लागि मात्र कडा नियन्त्रण र अनुमतिका आधारमा कारोबार गर्न मिल्ने गरी विशेष कानुनी संरक्षण प्रदान गरेको पाइन्छ।

३६. जैविक विविधता संरक्षणसम्बन्धी Convention on Biological Diversity, 1992 (CBD) लगायतका अन्तर्राष्ट्रिय दस्तावेजहरूले पनि जैविक विविधताको संरक्षण, दिगो उपयोग तथा

[१३] Convention on International Trade in Endangered Species of Wild Fauna and Flora app. I, Mar. 3, 1973, 27 U.S.T. 1087, 993 U.N.T.S. 243.

[१४] CITES, 1973, Article II- Appendix I include all species threatened with extinction which are or may be affected by trade. Trade in specimens of these species must be subject to particularly strict regulation in order to endanger further their survival and must only authorized in exceptional circumstances.

भावी पुस्ताको हितलाई सुनिश्चित गर्ने दायित्व पक्ष राष्ट्रहरूलाई सुम्पिएको देखिन्छ। International Union for Conservation of Nature (IUCN) को रेड लिष्ट (red list) मा एसियाली हात्तीलाई संकटापन्न (endangered) अर्थात् लोप हुने जोखिममा रहेको वर्गमा समावेश गरिएको देखिन्छ।[१५] यसका अतिरिक्त, वातावरणीय न्यायका स्थापित अन्तर्राष्ट्रिय सिद्धान्तहरू जस्तै- अन्तरपुस्ता समन्यायको सिद्धान्त (Principle of Intergenerational Equity), दिगो विकास (sustainable development), र पूर्वसावधानीको सिद्धान्त (precautionary principle) लाई अन्तर्राष्ट्रिय कानूनी अभ्यासमा आत्मसात् गरिएको छ, जसले वर्तमान पुस्तालाई प्रकृतिका अमूल्य उपहारहरू भावी पुस्ताका लागि अक्षुण्ण रूपमा हस्तान्तरण गर्नुपर्ने सकारात्मक दायित्व सुम्पिएको देखिन्छ।

३७. यी अन्तर्राष्ट्रिय दायित्वहरूको कार्यान्वयनका लागि नेपालले राष्ट्रिय स्तरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ लगायतका कानूनी व्यवस्था गरेको देखिन्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १०[१६] तथा अनुसूची-१ बमोजिम जङ्गली हात्तीलाई संरक्षित वन्यजन्तुको रुपमा सूचिकृत गरिएको देखिन्छ। उक्त ऐनको दफा २६ ले हात्ती लगायतका संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने तथा ओसारपसार गर्ने व्यक्तिलाई पाँच लाख देखि दश लाख रुपैंयासम्मको जरिवाना वा पाँचदेखि दश वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको देखिन्छ। सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ ले दुर्लभ, लोपोन्मुख तथा संरक्षित वन्यजन्तु र वनस्पतिको व्यापार, ओसारपसार, निकासी-पैठारी तथा स्वामित्व सम्बन्धमा व्यवस्था गरेको छ। उक्त ऐनको दफा ३ मा "कसैले पनि दुलर्भ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुना खरिद बिक्री गर्न, आफूसँग राख्न, प्रयोग गर्न, रोप्न, हुर्काउन, नियन्त्रित प्रजनन

[१५] IUCN. 2025. The IUCN Red List of Threatened Species. Version 2025-2. Accessed from https://www.iucnredlist.org. accessed on 26 June, 2026.

[१६] दफा-१०: यस ऐनको अनुसूची-१ मा उल्लेखित वन्यजन्तु संरक्षित वन्यजन्तु मानिनेछन् र तिनीहरुको शिकार गर्न निषेध गरिएको छ।

गर्न, ओसारपसार गर्न वा निकासी वा पैठारी गर्न वा गराउन हुँदैन" भन्ने व्यवस्था गरिएको देखिन्छ। त्यस्तै, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ ले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको दर्ता, अभिलेखीकरण, स्वामित्व हस्तान्तरण तथा व्यवस्थापनका प्रक्रियाहरू निर्धारण गरेको छ। नेपालको संविधानको धारा ३० ले स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको तथा धारा ५१(छ) ले वन, वन्यजन्तु, वनस्पति र जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोगलाई राज्यको नीतिगत दायित्वको रूपमा स्थापित गरेको सन्दर्भमा यी कानूनी व्यवस्थाहरू संविधानको उद्देश्यसँग समेत अनुरूप रहेको देखिन्छ।

३८. सरकारले "हात्ती संरक्षण कार्ययोजना (Elephant Conservation Action Plan for Nepal, 2025-2035)" लागू गरी हात्तीको वासस्थान संरक्षण गर्ने, मानव-हात्ती द्वन्द्व न्यूनीकरण गरी सह-अस्तित्व (human-elephant coexistence- HECx) कायम गर्ने र पालिएका (captive) हात्तीहरूको स्वास्थ्य तथा कल्याण (Welfare) सुधार गर्ने स्पष्ट मार्गचित्र अंगीकार गरेको देखिन्छ। हात्ती संरक्षणका सम्बन्धमा परम्परागत उपयोगितावादी सोचलाई विस्थापित गर्दै आधुनिक **"वन्यजन्तु कल्याणकारी दृष्टिकोण" (animal welfare approach)** लाई आत्मसात गर्ने प्रयास स्वरूप हात्ती संरक्षण कार्ययोजना (२०२५-२०३५) ल्याइएको भन्ने देखिन्छ। यो दृष्टिकोणले हात्तीलाई केवल मानव मनोरञ्जन, सवारी वा आर्थिक आर्जनको साधन मात्र नमानी अन्तरनिहित अधिकार र संवेदनशीलता भएको एक चेतनशील प्राणी (sentiment being) को रूपमा स्विकार गरेको देखिन्छ। त्यस्तै पशुप्रति हुने निर्दयी व्यवहारमा रोकावट गरी पशुको उचित व्यवस्थापन, विकास र गुणस्तर कायम गर्दै पशु कल्याण सुनिश्चित गर्न पशु कल्याण निर्देशिका, २०७३ जारी गरिएको देखिन्छ। उल्लिखित निर्देशिकाले पशु कल्याणका "पाँच स्वतन्त्रताहरू (five freedoms)" अबलम्बन गर्नुपर्नेमा कुरामा जोड दिएको देखिन्छ। अर्थात् भोक र प्यासबाट मुक्ति (freedom from hunger and thirst), असुविधा र प्रतिकूल पर्यावरणबाट मुक्ति (freedom from discomfort), पीडा, चोटपटक र रोगब्याधबाट मुक्ति (freedom from pain, injury or damage), प्राकृतिक व्यवहार प्रदर्शन गर्न पाउने स्वतन्त्रता (freedom to express normal behavior) र डर तथा मानसिक तनावबाट मुक्ति (freedom from fear and distress) सुनिश्चित गर्नु राज्यको दायित्व हुने देखिन्छ। यस अवधारणा विशेष

गरी मानव नियन्त्रणमा (captive) रहेका सरकारी तथा निजी हात्तीहरूको सन्दर्भमा समेत स्पष्ट रुपमा लागु हुने देखिन्छ। **हात्तीका सम्बन्धमा उनीहरुका आधारभुत स्वतन्त्रतालाई संरक्षण गर्ने कल्याणकारी अवधारणा अन्तर्गत लामो समयसम्म साङ्लोमा बाँधेर राख्ने क्रूर परम्परालाई निरुत्साहित गरी "चेन-फ्री" (chain-free) गर्ने, खुला चरनको व्यवस्था गर्ने, कामको अत्यधिक बोझ (overworking) र अंकुश जस्ता पीडादायी औजारको प्रयोग गरी अनुशासनमा राख्ने जस्ता कार्यहरुलाई प्रतिबन्ध लगाउने र भेटेरिनरी स्वास्थ्य सेवाको सहज पहुँच सुनिश्चित गर्ने दायित्व राज्य तथा निजी स्वामित्वकर्ताको हुने देखिन्छ।** स्थानीय समुदायसँगको द्वन्द्व व्यवस्थापनका लागि "वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण निर्देशिका, २०८०" मार्फत हात्तीको आक्रमणबाट मानवीय र भौतिक क्षति भएमा राहत दिने कानुनी प्रबन्ध मिलाइएको समेत पाइन्छ। अतः अन्तर्राष्ट्रिय महासन्धि CITES को मर्म, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को बाध्यात्मक व्यवस्था र नेपाल सरकारको हात्ती संरक्षण कार्ययोजना (२०२५-२०३५) को कानुनी एवं नीतिगत पृष्ठभूमिबाट हात्ती एक उच्च कानुनी संरक्षण प्राप्त प्रजातिको रुपमा रहेको देखिन्छ।

३९. हात्ती संरक्षणका सम्बन्धमा एसियामै सबैभन्दा बढी घरपालुवा (captive) हात्तीहरू रहेको थाइल्याण्डको कानुनी अभ्यास र हालैका सुधारहरू नेपालका लागि विशेष मार्गदर्शक बन्न सक्ने देखिन्छ। ऐतिहासिक रूपमा थाइल्याण्डमा घरपालुवा हात्तीलाई Beast of Burden Act, B.E. 2482 (1939) अन्तर्गत निजी सम्पत्ति तथा श्रम गराउने पशुका रूपमा वर्गीकरण गरिएको भए पनि समयक्रममा पर्यटन उद्योगमा हात्तीको व्यावसायिक प्रयोग, जबर्जस्ती सवारी (forced elephant riding), मनोरञ्जनात्मक प्रदर्शन तथा क्रूर प्रशिक्षण विधिविरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उठेका गम्भीर नैतिक, वैज्ञानिक र कानुनी प्रश्नहरूका कारण त्यहाँको नीति तथा कानुनी दृष्टिकोणमा उल्लेखनीय परिवर्तन आएको देखिन्छ। यसै क्रममा घरपालुवा हात्तीको संरक्षण, दर्ता, प्रजनन, स्वास्थ्य, कल्याण तथा व्यवस्थापनलाई आधुनिक मापदण्डअनुरूप पुनःसंरचना गर्ने उद्देश्यले 'Elephant Bill' मार्फत व्यापक कानुनी सुधारहरू अघि बढाइएका छन्। त्यसैगरी जङ्गली हात्तीलाई अवैध रूपमा समातेर घरपालुवा भनी दर्ता गर्ने, दर्ता अभिलेखमा छली गर्ने तथा अन्तरदेशीय अवैध व्यापारलाई नियन्त्रण गर्न प्रत्येक हात्तीको डी.एन.ए. प्रोफाइल, माइक्रोचिप तथा डिजिटल पहिचान प्रणाली लागू गरी वैज्ञानिक

प्रमाणीकरणलाई अनिवार्य बनाउने अभ्यास विकास गरिएको देखिन्छ। यसबाट जङ्गली तथा घरपालुवा हात्तीको पहिचान स्पष्ट हुनुका साथै संरक्षण कानूनको प्रभावकारी कार्यान्वयनमा समेत उल्लेखनीय सहयोग पुगेको पाइन्छ। त्यसैगरी पछिल्ला वर्षहरूमा थाइल्याण्डले हात्तीलाई मनोरञ्जन वा प्रत्यक्ष मानव सम्पर्कको माध्यम बनाउने परम्परागत पर्यटन मोडेललाई क्रमशः विस्थापित गर्दै हात्तीलाई प्राकृतिक व्यवहारसहित स्वतन्त्र वातावरणमा संरक्षण गर्ने तथा पर्यटकलाई सुरक्षित दूरीबाट मात्र अवलोकन गर्न दिने 'Observation-only' नीतिमा आधारित नैतिक (ethical) हात्ती आश्रयस्थलहरूको अवधारणालाई प्रोत्साहन गरेको देखिन्छ।[१७] यस्तो अभ्यासले हात्तीलाई केवल आर्थिक उपयोगको वस्तु नभई संवेदनशील जीव (sentiment being) का रूपमा सम्मान गर्ने अन्तर्राष्ट्रिय प्राणी कल्याण सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गरेको मान्न सकिन्छ।

४०. उपर्युक्त संवैधानिक व्यवस्था, प्रचलित राष्ट्रिय कानून तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरूको समग्र अध्ययनबाट हात्तीजस्तो सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको संरक्षण, तिनको अवैध व्यापार तथा तस्करी नियन्त्रण, जैविक विविधताको संरक्षण तथा दिगो व्यवस्थापनका सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा स्पष्ट, सुसंगत र बाध्यात्मक कानूनी व्यवस्था तथा सिद्धान्तहरू स्थापित रहेको देखिन्छ। यस्ता कानूनी दायित्वहरूको प्रभावकारी कार्यान्वयन गर्नु राज्य तथा सम्बन्धित निकायहरूको संवैधानिक र कानूनी दायित्व हो। अतः सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको संरक्षण तथा अन्तर्राष्ट्रिय व्यापारको प्रभावकारी नियन्त्रणसम्बन्धी दायित्वलाई केवल नीतिगत प्रतिबद्धताका रूपमा मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा संरक्षित र कार्यान्वयनयोग्य कानूनी दायित्वका रूपमा ग्रहण गरी सोही अनुरूप कानूनको व्याख्या र कार्यान्वयन गरिनु आवश्यक रहेको देखिन्छ।

४१. तेश्रो प्रश्न अर्थात सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ तथा नियमावली, २०७६ बमोजिम घरपालुवा तथा निजी प्रयोजनका लागि पालिएका हात्तीहरु (captive elephants) को दर्ता, अभिलेखीकरण तथा संरक्षण सम्बन्धी कानूनी

[१७] Fernanda Capellari, Ethical Elephant Tourism in Thailand: What Travelers Need to Know, ecobnb (24 Jan, 2026). Retrieved from https://ecobnb.com/blog/2026/01/ethical-elephant-tourism-thailand/ retrieved on 27 June, 2026.

दायित्वको प्रभावकारी कार्यान्वयन भए नभएको अवस्था के कस्तो रहेको छ भन्ने सन्दर्भमा विश्लेषण गर्दा, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ को नियम १२[१८] ले स्पष्ट रूपमा कुनै व्यक्ति, संस्था वा निकायले जीवित सङ्कटापन्न वन्यजन्तु (हात्ती) पालेको भए नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र अनुसूची-१३ को ढाँचामा व्यवस्थापन निकाय समक्ष निवेदन दिई दर्ता गराउनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरेको देखिन्छ। उक्त नियममा नियमावलीको मिति २०८०।१०।०४ मा भएको पहिलो संशोधनद्वारा उपनियम (१क) थप भइ उपनियम (१) बमोजिमको अवधिभित्र पनि निवेदन दिन नसक्नेको हकमा उपनियम (१क) बमोजिम उक्त उपनियम प्रारम्भ भएको मितिले छ महिनाभित्र निवेदन दिनुपर्ने बाध्यात्मक व्यवस्था गरेको देखिन्छ। यदि तोकिएको अवधिभित्र दर्ता नगरिएमा नियम १५(१)(क)[१९] बमोजिम त्यस्ता हात्तीहरू जफत गरी सम्बन्धित निकायको नियन्त्रण र संरक्षणमा राख्नुपर्ने स्पष्ट कानूनी दायित्व व्यवस्थापन निकाय (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग) लाई सुम्पिएको देखिन्छ।

४२. प्रस्तुत रिट निवेदनमा रिट निवेदकले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ प्रारम्भ भएको लामो समय बितिसक्दा पनि हात्तीका धनीहरूबाट दर्ताका लागि व्यवस्थापन निकायसमक्ष कुनै निवेदन पेश नभएको र नियमावलीको नियम १५ बमोजिम दर्ता नभएका हात्तीहरु जफत गर्नुपर्ने कानूनी व्यवस्था आकर्षित भइसक्दा समेत व्यवस्थापन निकायले संकटापन्न वन्यजन्तु जफत गर्नुपर्ने आफ्नो कानूनी दायित्व अनुरूप कुनै

---

[१८] नियम १२: (१) ऐनको दफा १३ को उपदफा (१) बमोजिम कुनै व्यक्ति, संस्था वा निकायले कुनै जिवित सङ्कट्टापन्न वन्यजन्तु अध्ययन, अनुसन्धान, परीक्षण, प्रदर्शन, संरक्षण, शिक्षा, जैविक स्रोत संरक्षण, शैक्षिक प्रयोजन वा अन्य कुनै प्रयोजनका लागि राखेको, प्रयोग गरेको वा कुनै सङ्कट्टापन्न वन्यजन्तु पालनपोषण गरेको वा घरपालुवा बनाई त्यसबाट लाभ प्राप्त गरेको भए यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो वन्यजन्तु दर्ताको लागि प्रयोजन खुलाई अनुसूची- १३ बमोजिमको ढाँचामा व्यवस्थापन निकाय समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(१क) उपनियम (१) बमोजिमको अवधिभित्र निवेदन दिन नसक्ने व्यक्ति, संस्था वा निकायले यो उपनियम प्रारम्भ भएको मितिले छ महिनाभित्र त्यस्तो वन्यजन्तु दर्ताको लागि उपनियम (१) मा उल्लिखित ढाँचामा व्यवस्थापन निकाय समक्ष निवेदन पेश गर्नु पर्नेछ।

[१९] नियम १५ को उपनियम (१) (क)- नियम १२ बमोजिम निर्धारित समयभित्र सङ्कट्टापन्न वन्यजन्तु दर्ता नगरी कुनै व्यक्ति, संस्था वा निकायले आफूसँग राखेमा सङ्कट्टापन्न वन्यजन्तु जफत हुनेछ।

पनि कदम नचालेको भनी उल्लेख भएको देखिन्छ। कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसक्दा तथा नियमनकारी निकायको उदासीनताका कारण सौराहालगायतका क्षेत्रहरूमा अवैध रूपमा हात्तीको खरिद-बिक्री हुने, भारतीय नागरिकहरूले स्रोत नखुलेको नगद रकम ल्याई सम्पत्ति शुद्धीकरणको प्रयास गर्ने र खुला सिमानाको फाइदा उठाई हात्तीहरू भारततर्फ तस्करी भइरहेको भन्ने निवेदकको गम्भीर दावी समेत रहेको देखिन्छ। निवेदकले 'काजरकली' नामक हात्तीको उदाहरण प्रस्तुत गर्दै ठूलो धनराशिमा भारतीय व्यक्तिलाई बिक्री गरिएको र अर्को हात्तीलाई ट्रकमा हालेर सीमापार लैजान लागिएको अवस्थामा सामाजिक संजालमा भिडियो सार्वजनिक भएपछि मात्र सो हात्ती फिर्ता गराइएको दृष्टान्तहरु प्रस्तुत गरेको देखिन्छ।

४३. विपक्षीहरुले आफ्नो लिखित जवाफमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ मिति २०७६/०८/३० मा राजपत्रमा प्रकाशन भएको र त्यसको करिब ३ महिनामा नै कोभिड-१९ को विश्वव्यापी महामारी सुरु भएकाले नियम १२ को उपनियम (१) कार्यान्वयनमा बाधा पुगेको, नियम १२(१) मा रहेको "नियमावली प्रारम्भ भएको मितिले" भन्ने शब्दहरूको सट्टा "नियमावली बमोजिम राजपत्रमा सुचना प्रकाशित भएको मितिले" भन्ने शब्दहरू राखी संशोधनका लागि वन तथा वातावरण मन्त्रालय मार्फत प्रस्ताव पठाइएको र निजी क्षेत्रमा रहेका हात्तीहरूको विवरण अद्यावधिक गर्न तथा सर्वोच्च अदालतको अन्तरिम आदेश कार्यान्वयन गर्न चितवन, बर्दिया, बाँके, शुक्लाफाँटा, पर्सा, र कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयहरूलाई विभिन्न मिति (२०७७/१२/५, २०७८/५/२७, २०७८/६/४ र २०७८/६/११) मा पत्राचार गरिएको हुँदा विभाग केही नगरी बसेको भन्न नमिल्ने भनी जिकिर लिएको देखिन्छ।

४४. रिट निवेदनमा उठाइएका विषयवस्तुको गम्भीरता, प्रकृति तथा हात्तीजस्तो सङ्कटापन्न जीवको संरक्षणमा सम्बन्धित निकायहरु संवेदनशील हुनुपर्ने आवश्कता बोध समेतलाई मध्यनजर गरी यस अदालतबाट मिति २०७८।५।३० मा जारी भएको अन्तरिम आदेशद्वारा सङ्कटापन्न वन्यजन्तु हात्तीको अवैध बिक्री, हस्तान्तरण तथा तस्करी तत्काल रोक्नुका साथै आदेश जारी भएको मितिले एक महिनाभित्र दर्ता तथा अभिलेखीकरण नभएका सम्पूर्ण हात्ती नियमावलीको नियम १२ बमोजिम दर्ता गराउनु र दर्ता हुन नसकेका हात्ती नियम १५ बमोजिम जफत

गरी सम्बन्धित निकायको नियन्त्रण र संरक्षणमा राख्नु भनी स्पष्ट निर्देशन दिइएको देखिन्छ। उक्त आदेश बमोजिम नीजि तथा घरपालुवा हात्तीहरु दर्ताको प्रकृया अगाडि बढाइएको भन्ने देखिन्छ भने मिति २०८०।१०।०४ मा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ अन्तर्गत नियम १२ मा उपनियम (१क) थप भई उक्त उपनियम प्रारम्भ भएको मितिले छ महिनाभित्र दर्ताका लागि निवेदन दिन सक्ने कानूनी व्यवस्था गरिएसँगै उक्त संशोधनअनुसार उल्लिखित अवधिभित्र निजी तथा घरपालुवा हात्तीहरूको दर्ता तथा अभिलेखीकरण सम्पन्न भइसकेको भन्ने देखिन्छ। मिसिल संलग्न विपक्षी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले विभिन्न व्यक्ति तथा निकायका नाउँमा जारी गरेको हात्ती दर्ताको दर्ता प्रमाण-पत्रले उक्त तथ्य पुष्टि गरेको नै देखिन्छ। यसबाट दर्ता तथा अभिलेखीकरणसम्बन्धी निवेदकले उठाएको मूल कानून कार्यान्वयनको प्रश्न हाल सम्बोधन भइसकेको देखिन्छ। त्यसैले दर्ता तथा अभिलेखीकरणसम्बन्धी ऐन तथा नियमावलीको व्यवस्था कार्यान्वयनविहीन रहेको भन्न मिल्ने अवस्था नरही सम्बन्धित निकायहरूले अदालतको अन्तरिम आदेश तथा संशोधित कानूनी व्यवस्थाअनुरूप आवश्यक कार्य सम्पन्न गरी ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयनतर्फ अग्रसर रहेको देखिन्छ। तथापि, यस्ता दर्ता तथा अभिलेखीकरणको कार्यलाई एकपटकको औपचारिक प्रक्रियामा मात्र सीमित नराखी अद्यावधिक वैज्ञानिक प्राणालीको अभिलेख, प्रभावकारी अनुगमन तथा कानूनी निगरानीमार्फत निरन्तर कार्यान्वयन गरिनु राज्यको निरन्तर दायित्वभित्र रहने विषयको रुपमा रहेको देखिन्छ।

४५. सङ्कटापन्न वन्यजन्तुको संरक्षणका लागि दर्ता तथा अभिलेखीकरण केवल प्रशासनिक प्रक्रिया मात्र नभई तस्करी, अवैध स्वामित्व हस्तान्तरण, गैरकानूनी व्यापार तथा वन्यजन्तुको उत्पत्तिसम्बन्धी विवाद नियन्त्रण गर्ने आधारभूत संयन्त्रको रुपमा रहेको देखिन्छ। यस्तो कानूनी दायित्वको प्रभावकारी कार्यान्वयन नहुँदा संरक्षण प्रणाली कमजोर बन्ने, निगरानी तथा नियमनमा कठिनाइ उत्पन्न हुने तथा अवैध कारोबारको जोखिम बढ्ने सम्भावना रहन्छ। **घरपालुवा तथा नीजि प्रयोजनका लागि पालिएका हात्तीहरूको दर्ता तथा अभिलेखीकरणसम्बन्धी कानूनी व्यवस्था हाल कार्यान्वयनमा आएको देखिए तापनि ऐन तथा नियमावलीको उद्देश्य केवल दर्ता सम्पन्न गराउनु मात्र नभई सङ्कटापन्न वन्यजन्तुको संरक्षण, कानूनी स्वामित्वको**

**अभिलेख व्यवस्थापन, नामसारी तथा हस्तान्तरणको प्रभावकारी नियमन, अवैध खरिद-बिक्री तथा अन्तरदेशीय तस्करीको रोकथाम, नियमित अनुगमन तथा निरीक्षण, हात्तीको कल्याण र संरक्षणको सुनिश्चितता तथा कानूनविपरीतका कार्यमा संलग्न व्यक्तिउपर प्रभावकारी कारबाही गर्नु पनि रहेको देखिन्छ।** दर्ता सम्पन्न भइसकेको आधारमा सम्बन्धित सरकारी निकायहरूको कानूनी दायित्व समाप्त भएको मान्न मिल्दैन। बरु दर्तापश्चात् अभिलेखको नियमित अद्यावधिक, प्रत्येक हात्तीको अवस्था, स्थान तथा स्वामित्वको प्रभावकारी निगरानी, कानूनविपरीत हुने नामसारी, हस्तान्तरण वा ओसारपसारको नियन्त्रण, पशुकल्याणसम्बन्धी न्यूनतम मापदण्डको कार्यान्वयन तथा उल्लङ्घन भएमा ऐन बमोजिम शीघ्र अनुसन्धान र कारबाही गर्ने दायित्व सम्बन्धित सरकारी निकायहरूको निरन्तर रहने देखिन्छ। अन्यथा दर्ता तथा अभिलेखीकरणको कानूनी व्यवस्था औपचारिकतामा मात्र सीमित भई ऐन तथा नियमावलीले परिकल्पना गरेको सङ्कटापन्न वन्यजन्तु संरक्षणको उद्देश्य नै निष्प्रभावी हुन जाने अवस्था रहन्छ। त्यसैले, ऐन तथा नियमावलीले निर्धारण गरेका सम्पूर्ण दायित्वहरूको प्रभावकारी, पारदर्शी तथा निरन्तर कार्यान्वयन सुनिश्चित गर्नु सम्बन्धित सरकारी निकायहरूको अपरिहार्य कानूनी दायित्व रहेको देखिन्छ।

४६. निरुपण गर्नुपर्ने चौथो प्रश्न अर्थात हात्तीजस्तो दुर्लभ र सङ्कटापन्न वन्यजन्तुलाई परम्परागत रूपमा दिइने यातना (चेनमा बाँध्ने, अङ्कुशले घोच्ने, पिट्ने) लाई निरुत्साहित गर्दै चेन फ्री (chain free) तथा हात्तीको प्राकृतिक जीवनशैलीसँग मेल खाने व्यवस्था लागू गर्नुपर्ने आवश्यकता छ वा छैन भन्ने तर्फ दृष्टिगत गर्दा, हात्ती उच्च बौद्धिक क्षमता, सामाजिक व्यवहार तथा जटिल भावनात्मक संवेदनशीलता भएको वन्यजन्तुको रुपमा रहेको छ। प्राकृतिक रूपमा समूहमा विचरण गर्ने, विशाल भौगोलिक क्षेत्रमा आवतजावत गर्ने तथा आफ्नै प्राकृतिक स्वभावअनुसार जीवनयापन गर्ने यस जीवलाई लामो समयसम्म साँघुरो स्थानमा बाँधेर राख्ने, नियन्त्रणका नाममा शारीरिक वा मानसिक पीडा पुऱ्याउने वा परम्परागत रूपमा क्रूरतापूर्ण व्यवहार गर्ने कार्य आधुनिक वन्यजन्तु संरक्षणका सिद्धान्त, पशु कल्याण (animal welfare) का मान्यता तथा संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय अभ्याससँग मेल खाने देखिँदैन।

४७. प्रस्तुत रिट निवेदनमा उल्लेख गरिएको घरपालुवा हात्तीलाई मानव उपयोगका लागि अनुकूल बनाउने नाममा परम्परागत रूपमा अपनाइने प्रशिक्षणका विधिहरूले हात्तीको सम्मानजनक

जीवनयापन, कल्याण तथा संरक्षणका सम्बन्धमा गम्भीर नैतिक तथा हात्ती कल्याणसम्बन्धी प्रश्नहरू उजागर गरेको देखिन्छ। विशेषतः घरपालुवा हात्ती (captive/domesticated elephant) लाई सानै उमेरदेखि नियन्त्रणमा राख्ने, मानव आदेश पालना गर्न बाध्य बनाउन तथा सफारी वा अन्य व्यावसायिक प्रयोजनका लागि प्रयोग गर्न गरिने कठोर अभ्यासहरूले हात्तीको शारीरिक तथा मानसिक कल्याणमा प्रतिकूल असर पार्ने देखिन्छ। हात्तीलाई प्रशिक्षण दिने क्रममा प्रयोग हुने परम्परागत विधिहरूमा सानो उमेरका हात्तीलाई आमाबाट अलग गर्ने, लामो समयसम्म चेन वा साङ्लोमा बाँधेर राख्ने, स्वतन्त्र हिँडडुल, सामाजिक सम्पर्क तथा प्राकृतिक व्यवहार प्रदर्शन गर्ने अवसरबाट वञ्चित गर्ने जस्ता अभ्यासहरू हुँदै आएको पाइन्छ। त्यस्तै, आदेश पालना गराउन अङ्कुश (ankus/elephant hook), फलामे रड वा अन्य उपकरण प्रयोग गरी घोच्ने, प्रहार गर्ने वा पीडा सिर्जना गर्ने अभ्यासले हात्तीलाई शारीरिक रुपमा मात्र नभइ मानसिक अवस्थासमेत प्रभावित पार्दछ। यस्ता अभ्यासहरू प्रशिक्षणभन्दा बढी भय, पीडा र बाध्यताको माध्यमबाट व्यवहार नियन्त्रण गर्ने प्रक्रियाका रुपमा देखिन्छन्, जसले हात्तीको प्राकृतिक स्वभाव (natural behavior) लाई दबाउने कार्य गर्दछ। यसरी **हात्तीलाई घरपालुवा बनाउने वा प्रशिक्षण दिने नाममा भय, पीडा र मनोवैज्ञानिक त्रास सिर्जना गरी गरिने क्रूर तथा अमानवीय व्यवहार मानवीय नैतिक मूल्य-मान्यता विपरित रही कानून बमोजिम समेत स्वीकार्य रहेको देखिदैंन।**

४८. हात्ती सफारी (elephant safari) का क्रममा व्यक्तिलाई हात्तीको शरीरमा चढाउने अभ्यास पनि हात्तीको कल्याणको दृष्टिले पुनर्विचार गरी अन्य वैकल्पिक प्रयोगका उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ। एकातिर अर्थ उपार्जन, पर्यटन प्रवर्द्धन तथा रोजगारीका दृष्टिले हात्ती सफारी सौराहा लगायतका क्षेत्रहरुमा महत्वपूर्ण आर्थिक गतिविधिको रुपमा रहेको छ भने अर्कोतर्फ अवोध जनावरलाई हात्तीजस्तो क्रमशः विलुप्त हुँदै गरेको जनावरलाई मानिसहरु बोक्न बाध्य पार्नु आफैंमा गैरजिम्मेवार व्यवहार रहेको देखिन्छ। हात्तीको मेरुदण्ड, खुट्टा र शरीरको बनावट मानव सवारी बोक्नका लागि विकसित भएको देखिदैंन। हात्तीहरुलाई लामो समयसम्म भारी बोकाउने, निरन्तर घुमाइरहने तथा विश्राम, आहार, पानी र सामाजिक आवश्यकतालाई बेवास्ता गर्ने कार्यले शारीरिक तनाव, जोर्नीसम्बन्धी समस्या, छाला तथा खुट्टासम्बन्धी रोग र दीर्घकालीन पीडा उत्पन्न गर्न सक्छ। यसरी मनोरञ्जन वा पर्यटनको उद्देश्यले हात्तीलाई केवल

साधन (means) को रूपमा प्रयोग गर्नु उसको जीवित प्राणीको रूपमा रहेको मूल्य र कल्याणप्रतिको दायित्वसँग मेल खाँदैन।

४९. वन्यजन्तु संरक्षणको अवधारणा समयक्रमसँगै केवल प्रजातिको अस्तित्व जोगाउने सीमित उद्देश्यबाट विकसित भई तिनको कल्याण (animal welfare), प्राकृतिक व्यवहार (natural behavior) तथा सम्मानजनक जीवन (dignified existence) सुनिश्चित गर्नुपर्ने मान्यतासम्म विस्तार भएको देखिन्छ।[२०] जैविक विविधता संरक्षणको वास्तविक उद्देश्य वन्यजन्तुलाई केवल जीवित राख्नु मात्र नभई तिनले आफ्नो प्राकृतिक स्वभावअनुरूप यथासम्भव पीडारहित र स्वस्थ जीवनयापन गर्न सक्ने अवस्था सिर्जना गर्नु पनि हो। यस दृष्टिकोणबाट हेर्दा, **हात्तीलाई परम्परागत रूपमा प्रयोग हुँदै आएका चेनमा लामो समय बाँध्ने, तीखो अङ्कुश प्रयोग गर्ने वा शारीरिक दण्डमार्फत नियन्त्रण गर्ने अभ्यासहरूलाई प्रतिस्थापन गरी वैज्ञानिक, जिम्मेवारीपूर्ण तथा अन्तर्राष्ट्रिय रूपमा स्वीकृत संरक्षण अभ्यासतर्फ उन्मुख हुनु आवश्यक देखिन्छ।**

५०. तुलनात्मक अभ्यासतर्फ दृष्टिगत गर्दा, वन्यजन्तु संरक्षण तथा विशेषतः हात्ती संरक्षणका सम्बन्धमा विभिन्न मुलुकहरूले आफ्नो राष्ट्रिय परिस्थिति, वैज्ञानिक अध्ययन तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप संरक्षणमुखी नीतिहरू अवलम्बन गरेको देखिन्छ। थाइल्याण्डले विगतमा हात्तीलाई व्यावसायिक मनोरञ्जन, सर्कस, हात्ती सफारी वा भारी बोकाउने जस्ता श्रममूलक र पीडादायी कार्यमा प्रयोग गर्ने परम्परालाई कानुनी रूपमै निरुत्साहित गर्दै हाल पूर्णतः 'गैर-हस्तक्षेपकारी अवलोकन मोडेल' (hands-off observation model) र 'हात्ती कल्याण कानुन' (Elephant Welfare Regulations) अङ्गीकार गरेको देखिन्छ। हात्तीलाई प्राकृतिक र सामाजिक वातावरणमा साङ्लोमुक्त (chain-free) राख्ने, मानिससँगको प्रत्यक्ष भौतिक स्पर्श (जस्तैः हात्ती माथि चढ्ने वा नुहाइदिने कार्य) लाई निषेध गर्ने र केवल प्राकृतिक विचरणको अवलोकन गर्ने (observe-only sanctuaries) प्रणाली लागू गर्दा हात्तीको मानसिक तथा शारीरिक स्वास्थ्यमा सकारात्मक सुधार आएको र दिगो पर्या-पर्यटनको समेत विकास भएको

[२०] P. C. Paquet & C. T. Darimont, *Wildlife Conservation and Animal Welfare: Two Sides of the Same Coin?* 19 Animal Welfare (2010). retrieved from https://www.raincoast.org/wp-content/uploads/2010/00/Paquet-and-Darimont-2010-Wildlife-Conservation-Animal-Welfare.pdf retrieved on 28 June, 2026.

देखिन्छ।[२१] म्यानमारमा लामो समयसम्म सरकारी स्वामित्वअन्तर्गतका हात्तीहरू काठ उद्योगमा प्रयोग गरिए तापनि वन व्यवस्थापन नीतिमा आएको परिवर्तन तथा पशु कल्याणसम्बन्धी अन्तर्राष्ट्रिय मान्यताअनुरूप त्यहाँका वृद्ध, घाइते वा कार्य गर्न असमर्थ हात्तीहरूको संरक्षण, उपचार तथा प्राकृतिक वातावरणमा आधारित सेवा-निवृत्त व्यवस्थापनलाई प्राथमिकता दिइएको पाइन्छ। यस क्रममा Myanmar Timber Enterprise (MTE) ले पुस्तौंदेखि हात्तीको हेरचाह गर्दै आएका माउते (mahouts) हरूको परम्परागत ज्ञान र अनुभवलाई संरक्षण गर्दै आधुनिक पशुचिकित्सकीय सेवा, वैज्ञानिक व्यवस्थापन तथा संरक्षणमुखी कार्यक्रमसँग समन्वय गरी हात्तीहरूको शारीरिक तथा मानसिक कल्याण सुनिश्चित गर्ने प्रयास गरेको देखिन्छ।[२२]

५१. कल्याणकारी मापदण्डहरू (welfare standards) बमोजिम नेपालमा पनि हात्ती सफारी र क्रूर बन्धन प्रणालीलाई विस्थापित गरी नैतिक र पर्यावरण-मैत्री (ethical and eco-friendly tourism) मोडेल तर्फ रूपान्तरण गर्न कानुनी तथा नीतिगत व्यवस्था गर्नु अपरिहार्य देखिन आउँछ। कतिपय मुलुकहरूले हात्तीलाई मनोरञ्जन वा व्यावसायिक उपयोगको माध्यमका रूपमा प्रयोग गर्ने परम्परागत अभ्यासलाई सीमित वा निषेध गर्दै हात्तीको प्राकृतिक व्यवहार, कल्याण तथा आवास संरक्षणलाई प्राथमिकता दिएका पाइन्छ। हात्तीलाई चेनमा बाँधेर राख्ने, शारीरिक यातनाका माध्यमबाट प्रशिक्षण दिने तथा पर्यटकलाई बोकेर सफारी गराउने अभ्यासको सट्टा हात्तीमैत्री पदयात्रा (elephant walking/ bush walking), सकारात्मक प्रशिक्षण (positive reinforcement), संरक्षित-स्थल (sanctuary) केन्द्रित संरक्षण, पशु चिकित्सकीय हेरचाह, पर्याप्त आहार, स्वतन्त्र हिंडडुल तथा सामाजिक समूहमा बस्न सक्ने वातावरण सुनिश्चित गर्ने अभ्यास अन्तर्राष्ट्रिय रूपमा क्रमशः विस्तार हुँदै गएको पाइन्छ।

[२१] World Animal Protection, *Elephants. Not Commodities: The True Cost of Elephant Tourism in Asia*, World Animal Protection (2020). retrieved from https://www.worldanimalprotection.org/globalassets/pdfs/elephants-not-commodities.pdf retrieved from 28 June, 2026.

[२२] Khyne U Mar, *Historical Account of Managing Overabundant Wild Asian Elephants in Myanmar by the Kheddah System of Capture: Philosophy, Principles and Practices*, 14 Animals 2506 (2024). Retrieved from https://www.researchgate.net/publication/383500781_Historical_Account_of_Managing_Overabundant_Wild_Asian_Elephants_in_Myanmar_by_the_Kheddah_System_of_Capture_Philosophy_Principles_and_Practices/citation/download retrieved on 28 June, 2026.

त्यसैगरी, जंगली हात्तीको सन्दर्भमा हात्ती र मानवबीचको द्वन्द्व (elephant-human conflict) न्यूनीकरण गर्न जैविक मार्ग (wildlife corridors) को संरक्षण, आवास पुनर्स्थापना, सीमापार समन्वय, स्थानीय समुदायको सहभागिता तथा वैज्ञानिक व्यवस्थापनलाई समेत संरक्षणको अभिन्न अङ्गका रूपमा स्वीकार गरिएको छ।

५२. नेपाल पनि जैविक विविधता संरक्षणसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र तथा एसियाली हात्ती संरक्षणप्रति संवैधानिक र कानुनी रूपमा प्रतिबद्ध राष्ट्र भएकाले अन्तर्राष्ट्रिय रूपमा विकसित भएका यस्ता असल अभ्यास (best practices) र आधुनिक संरक्षणका सिद्धान्तलाई आफ्नो राष्ट्रिय नीति तथा व्यवस्थापन प्रणालीमा समावेश गर्नु आवश्यक देखिन्छ। विशेषतः घरपालुवा हात्तीको व्यवस्थापनमा चेनमा बाँधेर राख्ने, शारीरिक वा मानसिक यातनामा आधारित प्रशिक्षण तथा मनोरञ्जनमुखी उपयोगलाई क्रमिक रूपमा सुधार गर्दै हात्तीको प्राकृतिक व्यवहार, शारीरिक तथा मानसिक कल्याण र सम्मानजनक अस्तित्व सुनिश्चित गर्ने व्यवस्थापन प्रणाली अवलम्बन गर्नुपर्ने देखिन्छ। साथै, हात्ती संरक्षणलाई केवल प्रजाति संरक्षणमा सीमित नराखी आवास संरक्षण, जैविक मार्गको निरन्तरता, मानव-हात्ती द्वन्द्व व्यवस्थापन, वैज्ञानिक अनुसन्धान, उद्धार तथा पुनर्स्थापना केन्द्रको सुदृढीकरण, स्थानीय समुदायको सहभागिता र पशु कल्याणसम्बन्धी अन्तर्राष्ट्रिय मान्यतासँग अनुरूप हुने गरी नीतिगत तथा संस्थागत सुधार गर्नु समयक आवश्यक रहेको देखिन्छ।

५३. हात्तीलाई पर्यटन, मनोरञ्जन वा अन्य मानवीय प्रयोजनका लागि प्रयोग गर्दा उसको प्राकृतिक व्यवहार, सामाजिक आवश्यकता र सम्मानजनक अस्तित्व (dignified existence) लाई केन्द्रमा राख्नुपर्ने हुन्छ। परम्परागत रूपमा स्वीकार गरिएका नियन्त्रणमुखी अभ्यासहरूलाई निरुत्साहित गर्दै सकारात्मक प्रशिक्षण विधि (positive reinforcement), पर्याप्त खुला स्थान, सामाजिक सम्पर्क, प्राकृतिक आहार तथा स्वतन्त्र व्यवहार प्रदर्शन गर्न सक्ने वातावरण सुनिश्चित गर्नु राज्य तथा सम्बन्धित निकायको दायित्व हुन आउँछ। हात्तीलाई केवल श्रम वा मनोरञ्जनको साधनको रूपमा हेर्ने दृष्टिकोणबाट माथि उठी संवेदनशील जीवको रूपमा सम्मान गर्ने संरक्षणमुखी दृष्टिकोण अवलम्बन गर्नु आधुनिक पशु कल्याणको अपरिहार्य आवश्यकताको रुपमा रहेको देखिन्छ। यसरी हेर्दा, **हात्ती केवल मानवीय मनोरञ्जन, श्रम वा व्यावसायिक उपयोगको साधन मात्र नभई उच्च बौद्धिक चेतना भएको एक संवेदनशील**

जीवित प्राणी भएकाले पर्यटन वा अन्य जुनसुकै प्रयोजनमा प्रयोग गर्दा समेत उसको प्राकृतिक व्यवहार, सामाजिक आवश्यकता र सम्मानजनक अस्तित्व (dignified existence) लाई केन्द्रमा राखी सकारात्मक प्रशिक्षण (positive reinforcement) मार्फत आधुनिक पशु कल्याणको मापदण्डअनुरूप संरक्षण गरिनु राज्य एवं सरोकारवालाको कानुनी र नैतिक दायित्व हुन आउने देखिन्छ।

५४. विपक्षी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले हात्तीमैत्री व्यवस्थापन, तालिमप्राप्त माहुतेको प्रयोग, वृद्ध तथा बिरामी हात्तीको उपचार तथा सम्भव भएसम्म चेन फ्री व्यवस्थापनतर्फ उन्मुख हुने प्रयास भइरहेको भनी लिखित जवाफमा उल्लेख गरेको देखिन्छ। हात्तीको सम्पूर्ण व्यवस्थापन प्रणालीलाई तत्काल पूर्ण रूपमा चेन फ्री बनाउने वा परम्परागत सबै व्यवस्थापन विधि एकैपटक अन्त्य गर्ने विषय संरक्षण, जनशक्ति, पूर्वाधार, आर्थिक स्रोत, हात्ती तथा माहुते दुवैको सुरक्षा, जङ्गली र घरपालुवा हात्तीबीचको सम्भावित द्वन्द्व तथा व्यवस्थापकीय क्षमतासँग प्रत्यक्ष रूपमा सम्बन्धित प्राविधिक र नीतिगत विषयसमेत रहेको देखिन्छ। यस्तो विषयमा अदालतले स्वयं विस्तृत प्राविधिक मापदण्ड निर्धारण गर्नु उपयुक्त नभई सम्बन्धित विशेषज्ञ निकायले वैज्ञानिक अध्ययन, अन्तर्राष्ट्रिय असल अभ्यास तथा नेपालको भौगोलिक एवं व्यवस्थापकीय यथार्थलाई समेत दृष्टिगत गरी क्रमिक रूपमा सुधारका कार्यक्रम मार्फत लागू गर्नु उपयुक्त रहेको देखिन्छ।

५५. तथापी, हात्तीमाथि गरिने अनावश्यक शारीरिक वा मानसिक यातना, क्रूरतापूर्ण व्यवहार नियन्त्रणका उपाय तथा परम्परागत अमानवीय अभ्यासहरूलाई क्रमशः निरुत्साहित गर्दै वैज्ञानिक, मानवीय तथा अन्तर्राष्ट्रिय रूपमा स्वीकृत पशु कल्याणका सिद्धान्त (principle of animal welfare) अनुरूप हात्तीको प्राकृतिक जीवनशैलीसँग मेल खाने व्यवस्थापन प्रणाली विकास गर्नु आवश्यक रहेको देखिन्छ। यसका लागि सम्बन्धित सरकारी निकायहरूले स्पष्ट मापदण्ड, निर्देशिका तथा कार्ययोजना तर्जुमा गरी सरकारी तथा निजी दुवै क्षेत्रमा लागू हुने संरक्षण र पशु कल्याणसम्बन्धी न्यूनतम मापदण्डको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन तथा कानूनको कडाइका साथ पालना सुनिश्चित गर्नु आवश्यक रहेको देखिन्छ। यस्तो व्यवस्था तत्काल र एकमुष्ट रूपमा लागू गरिनुभन्दा संरक्षण, सुरक्षा, पूर्वाधार, जनशक्ति तथा व्यवस्थापन क्षमताको यथार्थ मूल्याङ्कन गरी चरणबद्ध र समय निर्धारित (time bound) रूपमा कार्यान्वयन

गरिनु उपयुक्त हुने देखिन्छ। हात्तीको प्राकृतिक जीवनशैलीसँग मेल खाने तथा चेन फ्री व्यवस्थापन प्रणालीतर्फ उन्मुख हुने आवश्यकता रहेको देखिए पनि सो विषय नीति निर्माण, प्राविधिक मूल्याङ्कन तथा सम्बन्धित निकायहरूको व्यवस्थापकीय निर्णयको विषय भएकाले अदालतबाट विस्तृत कार्यविधि निर्धारण गर्नु उपयुक्त नदेखिई सम्बन्धित निकायहरूले वैज्ञानिक र मानवीय संरक्षणका अभ्यासलाई प्रवर्द्धन गर्नुपर्ने देखिन्छ। तसर्थ, **घरपालुवा तथा जङ्गली हात्तीको समग्र व्यवस्थापन प्रणालीलाई पूर्ण रूपमा चेन-फ्री (Chain-free) बनाउने वा परम्परागत अभ्यासहरूमा सुधार गर्ने विषय पूर्वाधार, जनशक्ति, आर्थिक स्रोत र सुरक्षा जस्ता प्राविधिक एवं नीतिगत जटिलतासँग जोडिने हुँदा, विशेषज्ञ निकायले वैज्ञानिक अध्ययन र राष्ट्रिय यथार्थलाई दृष्टिगत गरी क्रमिक रूपमा (phase-wise) सुधारका कार्यक्रमहरू लागू गर्नु न्यायसङ्गत र व्यावहारिक हुन आउने देखिन्छ।**

५६. अब, अन्तिम पाँचौं प्रश्न अर्थात निवेदकले माग गरेबमोजिम विपक्षीहरूका नाममा परमादेश वा अन्य उपयुक्त आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान छ वा छैन भन्ने तर्फ विचार गर्दा, प्रस्तुत मुद्दा यस अदालतमा विचाराधीन रहेकै अवस्थामा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ को नियम १२ मा संशोधन भई उपनियम (१क) थप भएको र उक्त उपनियम प्रारम्भ भएको मितिले ६ महिनाभित्र दर्ताका लागि निवेदन दिनुपर्ने बाध्यात्मक कानुनी व्यवस्था गरिएबमोजिम हाल नेपालभर रहेका निजी तथा घरपालुवा हात्तीहरू (captive elephants) को दर्ता र अभिलेखीकरणको कार्य सम्पन्न भइसकेको तथ्य मिसिल संलग्न कागजात तथा विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ता तथा अधिवक्ताहरुले गर्नुभएको बहसबाट पुष्टि भएको देखिन्छ। यसरी रिट निवेदन दायर हुँदाको बखत मुख्य विवादको रूपमा रहेको हात्तीहरूको कानुनी पहिचान, लगत र अभिलेखको अभाव सम्बन्धी विषय कानुनी संशोधन तथा प्रशासनिक तत्परताका कारण सम्बोधन भई दर्ता प्रक्रियाले पूर्णता पाइसकेको देखिँदा दर्ता र अभिलेखीकरण गराउने हदसम्मको निवेदकको मागदाबीको औचित्य हाल निरूपण भइसकेको देखिंदा निवेदन मागबमोजिम परमादेश जारी गर्नुपर्ने देखिन आएन।

५७. यद्यपि, नियमावलीमा उपनियम (१क) बमोजिमको विशेष व्यवस्था भई घरपालुवा तथा नीजि प्रयोजनका लागि पालिएका हात्तीहरूको अभिलेखीकरण र दर्ता कार्य प्राविधिक रूपमा सम्पन्न

हुँदैमा निवेदकले रिट निवेदनमा उठाएका वन्यजन्तुको अन्तरदेशीय अवैध ओसारपसार, सीमापार तस्करी नियन्त्रण, सम्पत्ति शुद्धीकरणको अनुसन्धान तथा हात्तीहरूमाथि हुने परम्परागत क्रूरता र यातनाको समग्र विषयवस्तु अन्त्य भई पशु कल्याणको पूर्ण प्रत्याभूति भइसकेको भनी निष्कर्षमा पुग्न मिल्ने देखिँदैन। दर्ता भइसकेका हात्तीहरूको वर्तमान अवस्था, तिनको स्वास्थ्य, स्वामित्व हस्तान्तरण, गैरकानुनी खरिद-बिक्री वा खुला सिमानाको फाइदा उठाई हुन सक्ने सम्भावित सीमापार ओसारपसारलाई निरन्तर नियमन र अनुगमन नगर्ने हो भने सम्पन्न भइसकेको दर्ता प्रक्रिया केवल कागजी औपचारिकतामा मात्र सीमित हुन जाने र साइटिस (CITES) महासन्धि तथा घरेलु कानुनको मूल मर्म नै पराजित हुने जोखिम सदैव रहिरहन्छ। तसर्थ, दर्ता कार्य सम्पन्न भइसकेको परिप्रेक्ष्यमा हात्तीहरूको अवैध ओसारपसार रोक्न, सीमा क्षेत्रमा कडा निगरानी राख्न, दर्ता भएका हात्तीहरूको नियमित डिजिटल अद्यावधिक (database update) सुनिश्चित गर्न तथा यसअघिको प्रश्नको निरूपणमा उल्लेख भएबमोजिम हात्तीहरूलाई साङ्ग्लोमुक्त (chain free) राखी प्रकृतिमैत्री वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्नका लागि विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी गर्नुपर्ने आवश्यकता देखिन आयो।

५८. नीजि तथा सरकारी प्रयोजनका लागि पालिएका घरपालुवा हात्तीहरु केवल निजी सम्पत्तिको विषय मात्र नभई नेपालको जैविक विविधता, पारिस्थितिकीय सन्तुलन तथा अन्तर्राष्ट्रिय संरक्षण प्रतिबद्धतासँग प्रत्यक्ष रूपमा सम्बन्धित जीवित सम्पदा हुन। आधुनिक संरक्षण सिद्धांन्तले वन्यजन्तुलाई वस्तु वा सम्पत्तिको दृष्टिकोणबाट मात्र नभई संवेदनशील जीवित प्राणीको रूपमा हेर्नुपर्ने मान्यता स्थापित गरिसकेको छ। संरक्षणको अर्थ केवल जीवित राख्नु मात्र नभई उनीहरूको प्राकृतिक व्यवहार, स्वास्थ्य, प्रजनन क्षमता तथा कल्याण सुनिश्चित गर्नु पनि हो। यस परिप्रेक्ष्यमा जङ्गली हात्ती तथा घरपालुवा हात्तीको संरक्षण सम्बन्धमा छुट्टाछुट्टै हिसाबले संरक्षणात्मक उपायहरु अबलम्बन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

५९. जङ्गली हात्तीलाई आफ्नो दैनिक आहार र पानीको आवश्यकता परिपूर्ति गर्नका लागि विस्तृत भौगोलिक क्षेत्र वा भूभाग (large space/home range) को अपरिहार्यता रहन्छ। जैविक स्वभावकै कारण आहार, अनुकूल जलवायु र उपयुक्त बासस्थानको खोजीमा यिनीहरूले लामो दुरीको परम्परागत जैविक मार्ग (migratory corridors) प्रयोग गर्ने गर्दछन्। हात्तीहरूको

आवतजावत केवल कुनै एक देशको राष्ट्रिय सीमाभित्र मात्र सीमित नरही नेपाल र भारतबीच पनि ऐतिहासिक कालदेखि नै अन्तरदेशीय रूपमा हुने गरेको अकाट्य वैज्ञानिक तथ्य एवं प्रमाणहरूबाट पुष्टि समेत भएको देखिन्छ। विशेष गरी नेपालको पूर्वी नाका झापाको बाहुनडाँगी क्षेत्र हुँदै भारतको पश्चिम बङ्गाल (मेची नदी तर्दै) र पश्चिममा नेपालको बर्दिया राष्ट्रिय निकुञ्ज तथा भारतको कतर्नियाघाट वन्यजन्तु आरक्ष जोड्ने 'खाता जैविक मार्ग' (khata corridor) एवं चितवन-वाल्मीकि परिदृश्य (chitwan-valmiki landscape) मार्फत हात्तीहरूको बगाल नै अन्तरदेशीय रूपमा आवतजावत गर्ने गरेको पाइन्छ। नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयद्वारा जारी 'हात्ती संरक्षण कार्ययोजना (२०२५-२०३५)' तथा नेपाल-भारतबीच सम्झौता भएको 'अन्तरदेशीय जैविक विविधता संरक्षण सम्बन्धी द्विपक्षीय समझदारीपत्र (MoU)' ले समेत हात्तीहरूको यो अन्तरदेशीय जैविक मार्ग (transboundary wildlife corridor) को संवेदनशीलता र यसको पुनर्स्थापनाको आवश्यकतालाई कानुनी एवं नीतिगत रूपमा स्वीकार गरेको अवस्था छ।

६०. वर्तमान समयमा बढ्दो अनियन्त्रित मानव अतिक्रमण, सीमा क्षेत्रमा लगाइएका विद्युतीय तारबार (electric fencing), भौतिक पूर्वाधारको अव्यवस्थित विस्तार (जस्तैः सडक, रेलमार्ग, र विद्युतीय प्रसारण लाइन) र वन क्षेत्रको तीव्र विनाशका कारण हात्तीहरूको यो परम्परागत अन्तरदेशीय जैविक मार्ग संकुचित र खण्डित (habitat fragmentation) हुन पुगेको देखिन्छ। बासस्थान र हिंडडुल गर्ने परम्परागत मार्ग अवरुद्ध भएकै कारण खाद्य र पानीको संकट उत्पन्न भई हात्तीहरू मानव बस्तीमा प्रवेश गर्न बाध्य हुने गरेको तथ्यलाई नकार्न सकिंदैन। यसको परिणामस्वरूप, मानव-हात्तीबीचको द्वन्द्व (human-elephant conflict) चरम रूपमा चुलिएको देखिन्छ, जसबाट एकातिर अमूल्य मानव धनजनको क्षति र बालीनालीको विनाश भइरहेको छ भने अर्कोतिर प्रतिशोधपूर्ण रूपमा वा भुलवश करेन्ट लगाई, विष प्रयोग गरी संकटापन्न हात्तीहरू मारिने क्रम समेत चिन्ताजनक रूपमा बढेको पाइन्छ। अतः **प्राकृतिक न्याय र वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित नेपाल कानुन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को भावना र नेपाल पक्ष राष्ट्र बनेको जैविक विविधता सम्बन्धी महासन्धिका व्यवस्थाहरूको आधारमा हात्तीहरूको परम्परागत जैविक मार्गको संरक्षण गर्नु,**

बासस्थान खण्डिकरण रोक्नु र मानव-हात्ती द्वन्द्व न्यूनिकरणका लागि दीर्घकालीन रणनीतिक योजना लागू गर्नु राज्यको प्राथमिक दायित्व ठहरिन आउँछ।

६१. त्यस्तै मानव नियन्त्रणमा रहेका हात्तीहरूको सम्बन्धमा विभिन्न देशहरुमा विकसित असल अभ्यासलाई नेपालमा समेत अवलम्बन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ। विभिन्न देशहरुमा विकसित हात्तीमैत्री पदयात्रा (elephant- friendly walk), बुस वाक (bush walk), पर्यटकलाई सुरक्षित दूरीबाट मात्र अवलोकन गर्न दिने 'Observation-only' नीतिमा आधारित नैतिक (ethical) हात्ती आश्रयस्थलहरूको व्यवस्था लगायत वृद्ध हात्तीहरुको लागि हात्ती अवकाश केन्द्र (elephant retirement centers) को स्थापना लगायतका हात्तीमैत्री कार्यक्रमहरु नेपालमा समेत लागु गरिनु आवश्यक देखिन्छ। घरपालुवा हात्तीको सन्दर्भमा उपयोगिता समाप्त भएपछि वा तिनिहरु वृद्ध वा अशक्त भएपछि तिनलाई परित्याग गर्ने वा निरन्तर श्रममा लगाइराख्ने कार्य आधुनिक पशु कल्याण तथा वन्यजन्तु संरक्षणका सिद्धान्तसँग मेल खाँदैन। संकट्टापन्न जीवको रुपमा रहेको हात्तीको वृहत्तर हितलाई ध्यानमा हात्तीमैत्री वातावरण सृजना गरी तिनिहरुको संरक्षण गर्नु आवश्यक रहेको देखिन्छ। सरकारी तथा निजी स्वामित्वमा रहेका हात्तीहरूको उमेर, स्वास्थ्य अवस्था वा कार्यक्षमताका आधारमा सेवा-निवृत्तिको स्पष्ट कानुनी व्यवस्था गरी हात्ती अवकाश तथा पुनर्स्थापना केन्द्र (elephant retirement and rehabilitation centers) स्थापना गर्ने, अनुभवी माउतेहरूलाई संरक्षणकर्मीका रूपमा परिचालन गर्ने, आवश्यक पशुचिकित्सकीय सेवा, पर्याप्त खुला वासस्थान, प्राकृतिक व्यवहार प्रदर्शन गर्न सक्ने वातावरण तथा सम्मानजनक जीवन सुनिश्चित गर्ने नीतिगत र संस्थागत व्यवस्था गर्नु संविधान, वन्यजन्तु संरक्षणसम्बन्धी कानून तथा आधुनिक पशु कल्याणका मान्यतासमेतको दृष्टिले आवश्यक देखिन्छ। यस परिप्रेक्ष्यमा नेपालमा पाइने एसियाली प्रजातिका हात्तीहरु (*Elephas maximus*) को संरक्षणार्थ विपक्षीहरुको नाउँमा देहाय बमोजिमको निर्देशनात्मक आदेश जारी हुने ठहर्छः-

१. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ को नियम १२ बमोजिम घरपालुवा तथा निजी स्वामित्वमा रहेका हात्तीहरुको अनिवार्य दर्ता तथा अभिलेखीकरण गर्नु, दर्ता नभएको हात्तीको पहिचान गरी प्रचलित कानूनबमोजिम

आवश्यक कारवाही गर्नु तथा हात्तीको स्वामित्व हस्तान्तरण, खरिद-बिक्री तथा स्थानान्तरणलाई कानूनी अनुमति र अभिलेख प्रणालीसँग आबद्ध गर्नु,

२. हात्तीको अन्तरदेशीय तस्करी तथा अवैध व्यापार नियन्त्रण सम्बन्धमा सुरक्षा निकाय, वन प्रशासन तथा संरक्षण निकायबीच प्रभावकारी समन्वय गरी नेपाल-भारत सीमाक्षेत्रमा विशेष निगरानीको व्यवस्था गर्नु तथा हात्तीको अवैध बिक्री, ओसारपसार तथा तस्करीमा संलग्न व्यक्ति वा संस्थामाथि प्रचलित कानूनबमोजिम अनुसन्धान र अभियोजन गर्नु,

३. हात्ती कल्याण तथा क्रूरतापूर्ण व्यवहार रोक्ने सम्बन्धमा हात्तीमाथि हुने यातना, हिंसा तथा अमानवीय व्यवहार रोक्नु, हात्ती व्यवस्थापनमा वैज्ञानिक तथा पशुकल्याणमैत्री विधि (welfare-aligned practice) अपनाउनु, हात्ती पर्यटनलाई पशुकल्याणमैत्री बनाउनु, माहुते तथा हेरचाहकर्तालाई हात्तीमैत्री तालिम प्रदान गर्नु तथा बिरामी तथा वृद्ध हात्तीको उचित उपचार र संरक्षण सुनिश्चित गर्न हात्ती अवकाश तथा पुनर्स्थापना केन्द्र (elephant retirement and rehabilitation centers) स्थापना गर्नु,

४. घरपालुवा तथा नीजि स्वामित्वमा रहेका हात्तीलाई चेन-फ्री गर्ने तथा प्राकृतिक व्यवस्थापन प्रणाली अबलम्बन गर्ने सम्बन्धमा मानव-हात्ती द्वन्द्व तथा जङ्गली र घरपालुवा हात्तीबीच हुन सक्ने सम्भावित द्वन्द्वलाई मध्यनजर गर्दै खुला तथा प्राकृतिक वातावरण उपलब्ध गराइ पालनपोषण गर्नु, हात्ती कल्याण तथा संरक्षणसम्बन्धी अन्तराष्ट्रिय अभ्यासहरू हेरी क्रमशः वैज्ञानिक मापदण्डको विकास र कार्यान्वयन गर्नु, पर्यटकलाई सुरक्षित दूरीबाट मात्र अवलोकन गर्न दिने 'Observation-only' नीतिमा आधारित नैतिक (ethical) हात्ती आश्रयस्थलहरूको व्यवस्था गर्नु, हात्तीलाई तालिम दिने निहुँमा वा अन्य समयमा समेत अनावश्यक रूपमा बाँधेर राख्ने अभ्यास अन्त्य गर्नु र संरक्षण केन्द्र तथा व्यवस्थापन प्रणालीलाई वैज्ञानिक बनाउने दिशामा आवश्यक नीति तथा कार्ययोजना बनाइ कार्यान्वयन गर्नु,

५. हात्ती संरक्षणका सम्बन्धमा सम्बन्धित निकायहरुबीच समन्वय संयन्त्र निर्माण गर्नु, संरक्षण तथा व्यवस्थापन कार्यको नियमित अनुगमन गर्नु तथा निजी हात्ती व्यवस्थापनसम्बन्धी स्पष्ट मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याउनु,

६. जङ्गली हात्तीको दीर्घकालिन संरक्षण तथा व्यवस्थापनका सम्बन्धमा प्राकृतिक बासस्थान, परम्परागत तथा अन्तरदेशीय जैविक मार्ग (wildlife corridor) को संरक्षण, पुनर्स्थापना र प्रभावकारी व्यवस्थापन गरी बासस्थान खण्डीकरण नियन्त्रण गर्नु, हात्ती संरक्षण कार्ययोजना (२०२५-२०३५) मा समाविष्ट नीति, रणनीति तथा कार्यक्रमहरूको अनुपालन सुनिश्चित गर्नु गराउनु, मानव-हात्ती द्वन्द्व न्यूनीकरणका लागि दीर्घकालीन तथा प्रभावकारी उपाय अवलम्बन गर्नु तथा हात्तीको अवैध हत्या एवं अन्य गैरकानुनी गतिविधि नियन्त्रणका लागि आवश्यक कानुनी, नीतिगत तथा प्रशासनिक व्यवस्था गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु गराउनु ।

६२. प्रस्तुत आदेशको प्रतिलिपिसहितको जानकारी आवश्यक कार्यार्थ महान्यायाधिवक्ताको कार्यालय र विपक्षी कार्यालयहरु समेतलाई दिनू। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२७ बमोजिम फैसला कार्यान्वयन निर्देशनालयलाई फैसलाको प्रतिलिपिसहितको जानकारी दिनू। सरोकारवालाले प्रस्तुत आदेशको नक्कल माग गरे सर्वोच्च अदालत नियमावली, २०७४ को परिच्छेद-११ बमोजिम नियमानुसार प्रमाणित प्रतिलिपि दिनू। आदेशको विद्युतीय प्रति यस अदालतको मुद्दा व्यस्थापन प्रणालीमा प्रविष्ट गरी आदेशको पीठमा जनाउनू। प्रस्तुत रिट निवेदनको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

हरिप्रसाद फुयाल

न्यायाधीश

उक्त आदेशमा सहमत छु।

टेकप्रसाद ढुङ्गाना

न्यायाधीश

इजलास अधिकृत (उपसचिव): नवराज सिंखडा

कम्प्युटर अपरेटरः रामशरण तिमिल्सिना

ईति सम्बत् २०८२ साल पुष २ गते रोज ४ शुभम्.......................................................।